
# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

कार्तिक पूर्णिमा



रचना शाक्यलाई सुवर्ण पदद्वारा विभुषित गर्नुहुँदै
धम्मवती गुरुमां

DHARMAKIRTI

वर्ष- २० अङ्क- ७ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया धूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

## मनू जुया: म्वाय्गु सो

एस.के. श्रेष्ठ (२०५९।४।२४)

मनूं छ ख: उत्तम प्राणि, मनूजुया म्वाय्गु सो ।
शीलं थानाँ, समाधी ल:खँ मोल्हुया, प्रज्ञां पुना सो ॥
युग बिते जुया वनी, दुनुग:या मिखाँ चाय्का सो ।
आसेनी धाधां जालं तक्यनी छपला: चीका सो ॥
नाम-रूप दत्तले लोमनी चित्त छक: चाय्का सो ।
मने दूगु क्लेशयात श्रद्धा बल मुंका च्वीका छ्वो ॥
थ:गु कर्म थ:म्हं छ्यली मेपिंसं छ्यली मखु सो ।
छु पित वहे बुया वै मेगु बुया वैमखु सो ॥
ज्ञानी जनपीं संसारे यक्व चा:हिलेगु मसो ।
छाय्थें ? इमीगु छक: छंनं जीवनी ब्वना सो ॥
अनित्य दु:ख अनात्मयात छसी निसें उला सो ।
प्रज्ञा रूपी मत च्याका निर्वाण जुया वनेगु सो ॥

✿ जुन विद्वान्ले आफ्नो विद्यामा गर्वित भएर अरुलाई अपमान गर्छ ऊ हातमा दियो बोकेको अन्धो समान छ ।

*-भिक्षु आनन्द*

✿ अप्रमादी (=जागरुकहरु) कहिल्यै मर्दैनन्, प्रमादीहरु मात्र बाँचेर पनि मरेकै बराबर हुन्छन् । *- बुद्ध*

✿ बुद्ध योगीहरुमा चक्रवति हुनुहुन्छ । उहाँ महाज्ञानी मेरो हृदयमा विराजमान होस् । *- शंकराचार्य*

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२

ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**OCTOBER 2002**

| वर्ष- २० | अङ्क- ७ | कतिं पुन्ही | कार्तिक २०५९ |
|---|---|---|---|





★ मनको स्वभाव हो जुनसुकै काममा पनि अगुवा हुनु, र मन मुख्य भएर जतातते पुगेको हुन्छ। त्यस कारण अशुद्ध मन लिएर कसैले बोल्यो वा केही गऱ्यो भने बयलको पछि पछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ।

★★★

★ जुन मानिस राग (रीस) मा ब्यस्त, मस्त रहन्छ त्यो आफैले खनेको खाल्डोमा यसरी पर्छ, जसरी माकुरा आफैले बनाएको जालमा फस्तछ। धीर पुरुष यी सबैबाट बची सबै आकांक्षा र दुःखबाट वञ्चित हुनेछ।

★★★

★ यो दुष्ट तृष्णालाई जगतमा जसले काबुमा राख्तछ उसको शोक त्यसरी झर्दछ जसरी कमलको पातबाट पानीको थोपा।

**आयोजक-**

आज त खूब पानी परिरहेको छ। तैपनि थुप्रै नयाँ सहभागी भाई बहिनीहरूको उपस्थिती देखिएको छ। खुशी लाग्यो हामीलाई आज। लौ त भाई बहिनीहरूको जिज्ञासा पनि सुनौं न।

**नयाँ सहभागी-**

हामी त्रिभुवन विश्वविद्यालयका बुद्धोलोजी अर्थात् बुद्ध दर्शन कक्षाका विद्यार्थी हौं। मैले बुद्धदर्शन अध्ययन गर्न र जान्न लायक विषय भनेर त्यस कक्षामा भाग लिन गएँ। बुद्धको दर्शन पूर्वाग्रह र साम्प्रदायिक भावनाबाट मुक्त र व्यवहारिक छ भनेर पनि सुनेको थिएँ। तर त्यहाँ त थेरवाद, महायान, वज्रयान तथा कर्मकाण्डहरू बिषयमा मात्र पढाई हुँदो रहेछ। कुनै वज्रयानी आचार्यले त कर्मकाण्ड र साम्प्रदायिक कुरा पढाउँदै थेरवादलाई आलोचना गर्दो रहेछ। मेरो विचारमा त यस क्षेत्रमा आलोचना भन्दा पनि तुलनात्मक दृष्टिले पढाउनु पर्ने जस्तो लाग्छ। तर वज्रयानी आचार्यले थेरवाद बुद्ध धर्म सार्वजनिक र साधारण जन जीवनको लागि मात्र उपयोगी छ भन्नु हुँदै खण्डन गरी नकारात्मक व्याख्या गर्नु हुँदोरहेछ। कतिपय विद्यार्थीले यस प्रकारको अध्यापन विषयलाई पटक्कै मन पराएनन्।

**अर्का एकजना सहभागी-**

मैले सुने अनुसार त बुद्ध शिक्षा मानिसहरूको जीवन जिउने कला हो। सदाचारी बन्नुपर्ने त मानव धर्म नै हो। तर हामीलाई पढाउनु हुने थेरवादी आचार्यले त पटिच्चसमुत्पाद र आर्य अष्टाङ्गिक मार्गको मात्र व्याख्या गर्नुहुँदो रहेछ। मैले त पटक्कै बुझ्न सकिन। निक्कै गम्भीर विषय रहेछ। त्यसैले मलाई त बुद्धोलोजी विषय भ्रमपूर्ण विषय जस्तो लाग्यो। मैले चिताएको अर्कै तर पऱ्यो अर्कै। त्यहाँ त सैद्धान्तिक कुराहरूको मात्र बाहुल्यता भएको पाएँ मैले। त्यसैले मैले बुद्धोलोजी कक्षालाई त्यागिदिएँ। त्यसैले यस छलफल कक्षामा बुद्ध शिक्षा विषयमा सरल तरिकाबाट छलफल भइरहन्छ भन्ने कुरा सुनेर भाग लिन आएको छु। मलाई बुद्ध उपदेश बुझ्नको लागि सरल तरीका बताई दिनु हुन्छ कि ?

**आयोजक-**

बुद्धको उपदेशमा प्रमुख कुरा त चित्त शुद्ध गर्ने तर्फ जोड दिइएको छ। त्यसैले हामीले काम गर्दा आफूलाई पनि अरुलाई पनि भलो हुने चिताई गर्नुपर्छ। एक आपसमा सेवाभाव हुनुपर्छ। अरुको सेवा गरेर आफ्नो पनि हितलाई ख्याल गर्नु पर्दो रहेछ। एक आपसमा ठीक समझदारी हुनु आवश्यक छ। आफु कर्त्तव्यपरायण रही आफ्नो आचरणलाई शुद्ध बनाउन आवश्यक छ। आर्य अष्टाङ्गिक मार्ग अनुसार सम्यक दृष्टि भन्नु नै ठीक समझदारी, हो। संक्षिप्तमा भन्ने हो भने शील भन्नु नै सदाचार हो भने समाधि भन्नु नै चित्त स्थिरता हो र प्रज्ञा भन्नु नै विवेक बुद्धि हो। शुद्ध आचरणलाई बुद्धको उपदेशमा प्राथमिकता दिएको छ। कुरा र काम गर्नुमा भरसक सन्तुलन हुन जरुरी छ। कुरा कम गर्ने र काम धेरै गर्ने बानी बसाल्नु पर्छ। सेवा गरेर मात्र मेवा खाने गर्नु पर्छ। मेवा खानको लागि सेवा गर्ने बानी बुद्ध उपदेश विपरित कार्य हो। पूर्वाग्रह र साम्प्रदायिक भावनाबाट बिल्कुल मुक्त रहेको छ बुद्ध दर्शन। बुद्ध दर्शन बुझ्नको लागि स्वतन्त्र चिन्तन हुनु जरुरी छ। बुद्ध परम्परावादी र कट्टर पन्थी ब्यक्ति हुनुहुन्नथ्यो।

**अर्का एकजना सहभागी-**

बुद्ध दर्शन अनुसार आफ्ना आफन्तहरूको मुत्यु हुँदा क्रिया बस्ने नियम छ कि छैन। बर्खि बार्न पर्छ कि पर्दैन होला ?

**आयोजक-**

बुद्ध शिक्षामा यी नियमहरू बारे केही उल्लेख गरिएको छैन। बुद्ध शिक्षामा संसार अनित्य र परिवर्तनशील भएको कारणले यस प्राकृतिक सत्यलाई सम्झी शुद्ध आचरण र परोपकारको काम गर्ने तर्फ ध्यान दिई राम्रो काम गर्नमा मात्र जोड दिइएको छ। हामीलाई थाहा भए अनुसार त तामाङ्ग र गौचनहरूमा क्रिया बस्ने र बर्खि बार्नुपर्ने नियम नै छैन।

**अर्का एकजना सहभागी-**

बौद्ध संस्कार पद्धति भनेर नयाँ चलन थेरवादीहरूमा आइरहेको छ नि आजभोली।

**आयोजक-**

यो त लोकाचार र विकल्पको रुपमा आएको हो । यथार्थमा भन्ने हो भने बुद्धदर्शनमा कर्मकाण्डलाई कतै पनि स्थान छैन । यो त पछिको कुरो हो । समाजमा बस्दाखेरी केही न केही गर्नु पर्दो रहेछ । करकापले आएको हो यी नियमहरू त । आजभोली थेरवादी परम्परामा बौद्ध संस्कार पद्धति देखा परेको छ । यसमा धेरै झण्झट छैन । भोकै बस्नुपर्ने चलन पनि छैन । ब्राह्मण र वज्राचार्यहरूको संस्कार पद्धति भने अलि झण्झटिलो देखिन आयो । यति नै दक्षिणा चढाउनु पर्छ भनेर लिने जस्तो व्यापारिक सोचाईमा पनि बढ्न गएको देखिन्छ । यो त कुनै सरल तरिका भएन नि । श्राद्ध भनेको त श्रद्धाले पुण्य स्मृतिमा गर्नुपर्ने काम हो । तर अहिले करकापमा परी गर्नुपर्ने चलन चल्ती देखापर्न थालियो । कर्म काण्ड नै गर्नु पर्छ भन्ने विषयहरू बुद्ध दर्शनमा कहिं कतैपनि उल्लेख भइरहेको पाईदैन । यो एउटा सँस्कृती र शिष्टाचार को कुरो हो । शिष्ट र सभ्य बन्नु नै बुद्ध दर्शन अनुसारको सँस्कृति हो । तर आजभोली शिष्ट र सभ्य बन्नुबाट टाढिंदै गइरहेका छन् मानिसहरू । लोकाचार र करकापमा फँस्दै गइरहेका छन् कतिपय मानिसहरू ।

**सहभागी**

मृत्युपछि शबलाई दुई तीन दिन सम्म प्रदर्शन गर्नको लागि राखी नगर परिक्रमा गर्नु पर्ने चलन बुद्ध दर्शन अनुसारको चलन हो र ? त्यति मात्र होइन मृतक व्यक्तिको विशेषाङ्क निकाली भएभरको गुनगान गाई प्रशंसा गरिराख्नु कतिको उचित कार्य हो ? यस बारेमा पनि छर्लङ्ग हुने गरी बुझाई दिनु भए अझ बेश हुने थियो ।

**आयोजक**

यी कार्यहरू बुद्ध दर्शन अनुसार ठीक छ छैन भन्ने चर्चा तर्फ नलागौं । त्यस कार्यको उपलब्धी तर्फ मात्र जाऔं न । ठूला बडा व्यक्तिहरू जसले देश र धर्मको सेवा गरेका छन्, तिनीहरूको त्यस पवित्र कार्यको स्मरण गरी कदर स्वरूप सम्मान गर्ने कार्य त लोकाचार र परम्परागत सँस्कृती नै भइसक्यो नि आजभोली । हुन त बुद्धको विचार अनुसार मानिसको जीवनकालमा अर्थात् जीवित अवस्थामा नै उसको राम्रो कार्यहरूको लागि गर्नुपर्ने सम्मान र प्रशंसा गर्न सके अझ राम्रो हुने थियो । मरिसकेपछि मात्र भएभरको गुणगान गाउँदै औपचारिकता निभाउने कार्यलाई र देखावटी र आडम्बरी कदर भने पनि अत्युक्ति हुनेछैन । नेवारीमा एउटा उखान नै छ नि "दत्तले कुच्चा: मदयुका: बिचा:" अर्थात् बाँचुन्जेल मतलव छैन मरेपछि नानाथरीका देखावटी सेवा सश्रुवा गर्ने बानी" । यसरी नै बाँचुन्जेल त्यही व्यक्ति बिना मतलवको भइरहे पनि मरेपछि त्यही व्यक्तिप्रति बिन्तीभाव टक्र्याउँदै श्रद्धाञ्जली अर्पण गरी भएभरको गुणगान गाउँदै हिंड्ने प्रथालाई ठीक तरिकाको सँस्कृती मान्न मिल्दैन ।

तैपनि हामीले यसलाई सकारात्मक दृष्टिकोण दिई हेर्न सक्नु पर्‍यो नि होइन र ? देश र धर्मको लागि जीवन अर्पण गरी कार्य गर्ने व्यक्तिहरूले मृत्यु पछि यसरी सम्मान पाउँदो रहेछ भन्ने कुरा अरु व्यक्तिहरूले पनि बुझ्न सक्ने भए । जसले गर्दा भविष्यमा राम्रो कार्य गर्नको लागि प्रेरणा मिल्ने देखियो । मृतक व्यक्तिको नाममा विशेषाङ्क पत्रिका प्रकाशन गर्दा त्यस व्यक्तिको ओझेलमा परेका कृयाकलापहरू र गतिविधीहरू पनि अरूले थाहा पाई राम्रा आदर्श र प्रेरणाहरू प्राप्त गर्न सक्ने भए ।

**सहभागी**

भिक्षु अश्वघोष महास्थविरलाई दिवंगत शरीर दुई तीनदीन सम्म राखी भक्ति दर्शाउने कार्य र दिवंगत व्यक्तिको नाममा विशेषाङ्क पत्रिका निकाली प्रचार गर्ने कार्य पटक्कै मन पर्दैन रे । सम्मान नै गर्नु पर्ने व्यक्तित्त्व भए उहाँकै जीवितकालमा नै ठीक तरिकाले मूल्याङ्कन गरी सम्मान गर्नु पर्छ । त्यस व्यक्तिको मृत्यु पश्चात् सम्मान गर्ने हो भने पनि उहाँको पुण्य स्मृतीमा धर्म र ज्ञानवर्द्धक पुस्तक प्रकाशन गरी प्रचार प्रसारको लागि बाँडिदिने, बाल आश्रम, वृद्धाश्रम आदिको लागि आर्थिक सहयोग गरि दिने आदि कार्य गर्नु मात्र उचित सँस्कृती हो रे । किन यस्तो भन्नु भएको होला उहाँले । मैले त बुझ्न नै सकिन ।

**आयोजक**

तपाइँले यस विषयमा त भिक्षु अश्वघोष संग नै व्यक्तिगत रुपमा भेटी सोध्नु भए बेश होला । हामीलाई थाहा भएन माफ गर्नुस् ।

लौत आजलाई हाम्रो छलफल कार्यक्रम यहिं टुंग्याउनु पर्ला जस्तो छ । समय धेरै गइसक्यो । आजलाई बिदा माग्छौं । बाँकी पछि । ■

# धम्मपद-१५३

रीना तुलाधर
"परियति सद्धम्म कोविद"

**बहुं वे सरणं यन्ति- पब्बतानि वनानि च**
**आरामरुक्खचेत्यानि - मनुस्सा भयतज्जिता**

**ने 'तं खो सरणं खेमं- ने' तं सरणमुत्तमं**
**ने 'तं सरणमा'गम्म-सब्ब दुक्खा पमुच्चति ।**

**यो च बुद्धञ्च धम्मञ्च - सङ्घञ्च सरणं गतो**
**चत्तारि अरियसच्चानि-सम्मप्पञ्ञाय पस्सति**

**दुक्खं दुक्ख समुप्पादं- दुक्खस्स च अतिक्कमं**
**अरिञ्चट्ठङ्गिकं मग्गं - दुक्खू पसमगामिनं**

**एतं खो सरणं खेमं - एतं सरण मुत्तमं**
**एतं सरणमागम्म - सब्ब दुक्खा पमुच्चति**

अर्थ- यस लोकमा मानिसहरू भयको कारणले पर्वत, वन-जंगल वृक्ष, चैत्यको शरण जान्छन् ।

त्यस्तो शरणमा जानाले भय हट्दैन, त्यस्तो शरण उत्तम छैन, त्यस्तो शरण जानाले सबै दुःखबाट मुक्त भईदैन ।

जो व्यक्ति बुद्ध, धर्म र संघको शरणमा जान्छ, जसले सम्यक प्रज्ञाद्वारा चार आर्य सत्यलाई राम्ररी देख्छन् ।

दुःख, दुःख समुदय, दुःख निरोधलाई निवारण गर्ने आर्य अष्टांगिक मार्ग

निश्चय नै त्यो नै उत्तम शरण हो, निर्भय हो ।

यिनैको शरण जानाले सबै दुःखबाट मुक्त भइन्छ ।

घटना- भगवान बुद्ध जेतवन विहारमा बास गरीराख्नु भएको बेला अग्गिदत्त नामका एक ब्राह्मणको कारणमा उपरोक्त गाथाहरू भन्नु भएको थियो ।

कोशल देशका नरेश प्रसेनजीतका पिता महा कोशलको पालामा अग्गिदत्त नामका एक पुरोहित ब्राह्मण थियो । महा कोशलको मृत्यु भएपछि प्रसेनजीतले पनि सम्मान पूर्वक अग्गिदत्तलाई पुरोहितकै दर्जा दिएर राखेको थियो । तर अग्गिदत्तलाई आफ्नो बृद्ध उमेरको कारण राजकाजको काममा बस्न मन नलागेर प्रव्रजित हुन गए । उनी परिवाजकहरू कहाँ प्रव्रजित हुन गएका थिए । उनको पछि पछि लागेर अरु पनि थुप्रै ब्राह्मणहरू परिव्राजक सम्प्रदायमा प्रव्रजित हुन गए ।

अग्गिदत्त थुप्रै परिव्राजकहरूसँग अङ्ग, मगध र कुरु राष्ट्रको बिचमा बास गरेर धर्म उपदेश दिँदै गरे । उनले आफ्ना परिव्राजक साथीहरूलाई यसरी आज्ञा दिई राखेको थियो- तिमीहरू मध्ये कसैलाई काम वितर्क, राग, द्वेष इत्यादि मनमा उत्पन्न भए भने तुरुन्तै एक मुट्ठि बालुवा नदिबाट टिपेर ल्याएर यहाँ जम्मा गर्नु ।' उनले भने जस्तै उनका शिष्यहरूले जब जब मनमा क्लेश उत्पन्न भयो तब तब एक एक मुट्ठि बालुवा जम्मा गर्दै गरे । यसो हुँदै उक्त ठाउँमा बालुवाको ठूलो ढिस्को बन्यो । बालुवाको त्यस ढिस्कोमा एउटा नाग बास बस्न आउने भयो । अङ्ग, मगध र कुरु देशका मानिसहरूले महिनाको एक पल्ट ती परिब्राजकहरूलाई ठूलो सम्मान गर्न आउन थाल्यो । यसै समय बिच अग्गिदत्त परिब्राजकले आफ्ना शिष्यहरूलाई यसरी उपदेश दिन्थ्यो- "पर्वतको शरणमा जाऊ, वन-जंगलको शरणमा जाउ, रुखको शरणमा जाउ, आराम-बगैंचाको शरणमा जाउ । यसरी शरणमा जानाले तिमीहरू सबै दुःखबाट मुक्त हुनेछौ ।"

गौत्तम बुद्धले एकदिन आज कसलाई बोध गरुं भनेर सोच्नु भएको बेला अग्गिदत्त ब्राह्मण र उनका शिष्यहरूले अरहत मार्गफलसम्म प्राप्त गर्न सक्ने लक्षण देख्नु भयो । त्यही दिन साँझतिर बुद्धले मौद्गल्यायन भिक्षुलाई बोलाएर भन्नु भयो- "हे मौदगल्यायन ! अग्गिदत्त ब्राह्मणले आफ्ना शिष्य परिव्राजकहरूलाई नमिल्दो शिक्षा दिई राखेका छन् । तिमी गएर उनीहरूलाई

सही उपदेश दिन जाऊ ।" मौदगल्यायनले ती परिव्राजकहरू थुप्रै भएकाले आफू एक्लै गएर सही बाटो देखाउन गाह्रो होला भन्ने लागेर भगवान बुद्धलाई पनि सँगै जान आग्रह गरे । बुद्धले 'तिमी जाँदै गर । म पछि आउँला" भनीकन मौदगल्यायन स्थविरलाई पठाई दिनु भयो ।

मौद्गल्यायन स्थविर अग्गिदत्तको कुटिमा गएर 'अग्गिदत्त" भनीकन सम्बोधन गरेर बोलायो । अग्गिदत्त आफ्नो नाम लिएर कसैले बोलाएकोमा अभिमानले रिसायो । मौद्गल्यायनले 'त्यस रातको लागि एक ठाउँमा बास पाउँ' भनी बास माग्यो । अग्गिदत्तले 'यहाँ कुनै बास खालि छैन सबै परिव्राजकलाई एक एकवटा कुटि ठीक छ" भनी रिसाई रिसाईकन बोली बोल्यो । मौदगल्यायनले "ऊ त्यो बालुवाको ढिस्कोमा को बस्छ, मलाई त्यही ठाउँ भए पनि दिनु" भनेर माग्यो । अग्गिदत्तले "त्यहाँ तिमी बस्न सक्तैनौ । त्यहाँ एउटा भयंकर नाग बस्न आउँछ ।" भनी तर्सायो ।

'भयंकर नाग भएपनि मलाई त्यही ठाउँ दिनु" भनेर मौदगल्यायनले ढिपि गऱ्यो । अग्गिदत्तले 'बस्ने भए बस । त्यसको दुष्परिणाम तिमी नै जान्नु ।" भने ।

मौदगल्यायन बालुवाको ढिस्कोतिर गयो । नागले कोही आफूतिर आईराखेको देखेर रिसमा फूं फूं गरेर प्रज्वलित भयो । मौदगल्यायनले आफ्नो मैत्री तथा ऋद्धि बलले नागलाई शान्त पाऱ्यो ।

भोलिपल्ट बिहान परिव्राजकहरूले "हामीले भनेको मानेन । त्यो भिक्षु मरे कि बाँचेकै छ होला" भनी बाहिर हेर्न आए । मौदगल्यायन शान्त पूर्वक बालुवामा बसीरहेका थिए र नागले आफ्नो फणको छत्र बनाएर मौदगल्यायनको शीरमा ओढाएर बसेका थिए । यो दृश्य देखेर सबै परिव्राजकहरू "यी भिक्षु त ठूला रहेछन्" भनी ठानी आदरपूर्वक मौदगल्यायनको चारैतिर बस्न आयो ।

त्यत्तिकैमा भगवान बुद्ध पनि त्यहाँ आई पुग्नु भयो । बुद्धलाई देखेपछि मौदगल्यायन आफ्नो आशनबाट उठेर बुद्धलाई श्रद्धापूर्वक वन्दना गरे । भगवान बुद्ध मौदगल्यायनका गुरु हुन् भन्ने थाहा पाएपछि परिव्राजकहरूले "जसका शिष्य नै यति ऋद्धिवान प्रतिभाशाली छन् भने गुरुचाहिँ कस्तो होला" भनी ठानी बुद्धको चारैतिर बिन्ति गरी बुद्धको प्रशंसा गर्दै बस्न आए । यसै बिचमा बुद्धले अग्गिदत्तलाई सम्बोधन गरेर सोध्नु भयो-"हे अग्गिदत्त । तिमीले आफ्ना शिष्यहरूलाई अववाद - उपदेश दिने बेला कसरी दिने गरेका छौ ?" अग्गिदत्तले भन्यो - "मैले आफ्ना शिष्यहरूलाई पर्वतको शरणमा जाउ, वन-जंगलको शरणमा जाउ, आराम - बगैंचाको शरणमा जाउ, रुखको शरणमा जाउ, यसरी शरणमा जानाले सबै दु:खबाट मुक्त हुनेछ भनेर उपदेश दिने गरेको छु ।"

बुद्धले भन्नु भयो- "हे अग्गिदत्त यस्तो शरणमा जानाले दु:खबाट मुक्त भईदैन । बुद्ध, धर्म र संघको शरण गएर चित्त शुद्ध भएमा मात्र सबै सांसारिक दु:खबाट मुक्त हुन्छ ।" भनीकन धर्मदिशना गर्दै उपरोक्त गाथाहरू भन्नुभयो । धर्म देशना पछि ती सबै परिव्राजकहरू अरहत भए । तिनीहरूले बुद्धसँग प्रव्रज्या मागेर बुद्ध शासनमा प्रव्रजित भए ।

●●●

## थाहापाइराख्नु पर्ने कुराहरु !

निम्नलिखित धारणाहरु क्रोध उत्पन्न हुने दश कारणहरु हुन् ।

१) मलाई हानी गऱ्यो
२) मलाई हानी गर्दैछ
३) मलाई हानी गर्नेछ
४) प्रियजनलाई हानी गऱ्यो
५) प्रियजनलाई हानी गर्दैछ
६) प्रियजनलाई हानी गर्नेछ
७) शत्रुलाई हित गऱ्यो
८) शत्रुलाई हित गर्दैछ
९) शत्रुलाई हित गर्नेछ
१०) विना कुनै विशेष कारण

# भजन, भक्त र भगवान्

✍ राममान 'तृषित'
साभार : कान्तिपुर

जहाँबाट जसरी सुरु गरे पनि यहाँ मैले लेख्न खोजेको कुरा पूर्णतया अभिव्यक्त हुन गाह्रोमात्र होइन, विवादरहित पनि नहुने हुनाले विमत राख्नेहरूसित विवाद पनि नगर्ने विचारले भजन, भक्त र भगवान्को विषयमा आफूलाई लागेको नितान्त निजी धारणा प्रस्तुत गर्ने प्रयास गरेको हुँ । मैले यो प्रयास बुझेर होइन कि बुझ्नका लागि गरेको हुँ ।

धर्म मानव जीवनको कल्याणका लागि परिकल्पना गरिएको आस्था र विश्वासको विषय भएकाले चित्त अस्थिर भएको बेला मनलाई चाहिने शान्तिका लागि कल्पित नै भए पनि हामी कुनै न कुनै धर्मको सहारा लिने गर्छौं । तर, संसारका अधिकांश धार्मिक बन्न चाहनेहरू धर्मकै विपरीत धारामा बगेर अराजक भइरहेको देख्न पाइन्छ । यसको कारण हो संकीर्ण चित्त भएका अर्धशिक्षित पण्डितहरूबाट भइरहेको धर्मको अपव्याख्या ।

मान्छेको धार्मिक स्वभाव निर्मित हुने क्रममा आ-आफ्नो स्वार्थअनुरूप आ-आफूलाई सुहाउने भगवानको परिकल्पना, आ-आफूलाई सजिलो पर्नेजस्तो पूजापाठको निर्माण, श्रोतालाई आफूतिर तान्नेजस्तो भजनको सिर्जना र आफूले भेटाउन कठिन नपर्ने किनारलाई नै तीर्थस्थल मान्ने क्रम पनि जारी रह्यो । हाम्रो धेरैजस्तो पुरोहितहरू कसरी सजिलोसित धनआर्जन गर्न सकिन्छ भन्ने क्षुद्र संस्कारबाट उत्प्रेरित हुनाको कारण सर्वसाधारण सोझाहरूलाई उनीहरूकै स्वार्थपूर्ति हुने खालको धार्मिक स्वभाव अपनाउन मनोवैज्ञानिक भारी बोकाउँछन् । यसैको परिणाम हो संसारमा थुप्रै मान्छेहरू वास्तविक आध्यात्मिक अनुभूतिको दृष्टिकोणबाट वञ्चित भइरहेको । आध्यात्मिक अनुभूतिको कुरा गर्दा भजन, भक्त र भगवान्लाई अलग-अलग राखेर हेर्न पनि मिल्दैन । यसैले पहिले अलि चर्चा गरौं भजनको ।

भक्ति गीत-संगीतसित मेरो पनि गहिरो अनुराग छ । भक्ति-संगीतमा मानवीय स्पर्श हुन्छ । यस स्पर्शले जब मन अभिभूत हुन्छ, त्यही क्षण ईश्वरको नगीच पुगिरहेको जस्तो आभास बोध हुने क्षण हो । यस्तो मन्त्रमुग्ध गर्न सक्ने सांगीतिक मर्मको बंग्याईले मलाई चोट लाग्ने गर्छ । भजन वास्तवमा आफ्नै आत्मसन्तोषको लागि गाइने संगीतमय शब्दहरू हुन् । यसो भनेर मैले भजनलाई सीमित परिषाभाभित्र बाँधेर भजनको व्यापकतालाई खुम्च्याउन खोजेको पनि होइन । भजनको उत्कृष्टता उपमाहरूको प्रयोगभन्दा निरपेक्ष भावनामा निर्भर गर्छ र अर्थ स्वयं उद्घाटित हुँदै जान्छ । आकर्षक प्रस्तुतीकरण त श्रोताहरूलाई आफूतिर तान्ने क्षमतामात्र हो ।

अचेल केही अपवादलाई छोडेर भजन जति सक्यो उति ठूलो स्वरले चिच्याएर गाउने, अझ लाउड स्पीकर राखेर भगवानकै प्रिय शान्त वातावरणलाई ध्वनि प्रदूषण गर्ने फेसनजस्तो बनेको पनि कतिपय ठाउँमा देख्छौं । मानौं भगवान बहिरो छ, सानो स्वर सुन्दै-सुन्दैन ।

भजनको अर्को अपव्याख्या हो- जति भजन गर्न र गराउन सक्यो उति गरेको पाप नाश हुन्छ रे । यस्तो अपव्याख्याले पाप गर्न मान्छे नडराउने वातावरणको सिर्जना हुन्छ । यसैले 'प्रभूको द्वारमा आएँ मेरो पाप नाश गरिदेऊ प्रभू !" जस्ता भजनहरू थुप्रै सुनिन्छन् । सोझाहरू पत्याई पनि हाल्छन् प्रभुको भजन गरे जस्तै पाप पनि नाश भइहाल्छ भनी । यसरी जब मान्छेले कुनै पनि भजनलाई धार्मिक सम्पत्तिको रूपमा मात्र स्वीकार्ने गर्छ, तब पापीहरूलाई हौसला प्रदान गर्न सक्ने बडो खतरनाक मान्यताले ठाउँ पाउने क्षितिजको विस्तार हुने सम्भावना बढ्न सक्छ । भजन वास्तवमा निर्विकल्प र निष्काम भएर ईश्वरसँग आत्मसात गर्ने सांगीतिक माध्यम हो । पाप नाश गर्न र स्वार्थपूर्तिको लागि गाइने गीत होइन । भजनको वैज्ञानिक व्याख्या पनि हुन सक्तैन । मलाई त भजनमा आफूलाई पोख्न पाउँदा आफैं हलुंगो भएको व्यक्तिगत अनुभव हुन्छ । यी विचार मान्नु/नमान्नु कसैलाई कर छैन, तर भजन पूर्वाग्रह र साम्प्रदायिक संकीर्णताबाट मुक्त हुनुपर्छ । अचेल भजनको विडम्बनापूर्ण र अशोभनीय स्थिति पनि

कतिपय ठाउँमा देख्न नपाइने होइन । आफूले राम्ररी चिनेका पापी र भ्रष्टहरू पनि ठूला-ठूला स्वरले भजन गाइरहेका छन्, सच्चा धार्मिक बन्नुभन्दा पनि धार्मिक बनेको देखाउनमा व्यस्त छन् । यस्ता कुसंस्कृतिका निर्माता विवेकहीन व्यक्तिहरू आफ्नै लागि पनि लाभदायक भक्तिसंगीतको निर्माता हुन सक्तैनन्, उल्टो सर्वसाधारणमा समेत अशुभ प्रभाव पार्ने हुन्छन् । सच्चा भक्तकै लागि पनि घातक हुन सक्छ केवल भगवान्‌को विविध रूपमा प्रशंसा गरी भजनको नाममा चिच्याउने अर्थहीन शब्दका जुलुसहरू । भजनप्रतिको दृष्टिकोण एकपक्षीय मात्र हुनु पनि हानिकारक हुन सक्छ, बहुपक्षीय समीक्षा मूल्यांकन र विचार गर्न सकेनौं भने । मलाई त लाग्छ चिन्तामुक्त मस्तिष्क र आनन्दमय हृदयको झन्कार जसले बाहय कुरुप परिस्थितिको चाप कम गर्ने काम गर्छ, त्यही सांगीतिक स्वर नै वास्तविक भजन हो ।

अब अचेलका भक्तहरूबारे केही सोचौं । भनिन्छ, भक्तहरूमा भगवान्‌लाई पनि वशमा पार्ने क्षमता हुन्छ । तर, आजका धेरैजसो भक्तहरू आफैंलाई पनि आफ्नो वशमा राख्न असमर्थ छन् । यस्तै परिवेशले हो भक्त र भगवान्‌को बीचको दूरी बढ्ने । अर्को शब्दमा भन्ने हो भने भक्तहरूमा साधुताको अभाव नै धार्मिक अराजकता हो । एकथरी भक्तहरू केही टाठाबाठा पण्डितहरूको लहैलहैमा लागेर भगवान् नग्न आँखाबाटै दर्शन पाउने चिज हो भन्ने भ्रममा परिरहेका छन् । त्यसो भए के अन्धोको लागि भगवान्‌को दर्शन नै हुँदैन ? तीर्थ धाउन नसक्ने लङ्गडोको लागि भगवान् नगीच नै हुँदैन ? अर्कोथरी भक्तहरू (?) जति धन दान गर्न सक्यो उति पुण्य कमाइन्छ भन्ने विश्वासमा जसरी भए पनि सम्पत्ति जोड्ने कुकर्ममा समेत लागेर भ्रष्टाचारी भइरहेको आफैंले समेत चाल नपाइरहेका छन् । यस्ता भक्तहरूले भरिएको समाज पतनोन्मुख हुँदै जान्छ ।

अर्को यस्ता भक्तहरूको पनि कमी छैन यो विश्वमा, जसले आफ्नै मूढतालाई बुद्धिमत्ता ठानेर आफूले अपनाएको धर्मलाई मात्र सर्वोपरि ठान्ने, अरूले मान्ने गरेको धर्मको विरोध गर्ने र बेग्लाबेग्लै धर्मको नाममा लडिने लडाइँलाई पनि धार्मिक नै मान्ने । धेरै टाढा जानै पर्दैन, यहुदी र इस्लामीहरूको भनुँ वा हिन्दू र मुस्लिम धर्मावलम्बीको आ-आफ्नै मूढेबलले कुरूप र रक्तरञ्जित बनाएको बस्तीलाई हेरे पुग्छ । कति छन् कति यस्ता तुच्छताका उदाहरणहरू । यो लेख्ने क्रममा मलाई भिक्टोर ह्यूगोको महान् अभिव्यक्ति 'हामी धर्मका निम्ति धर्म विरुद्ध छौं' सम्झना आइरहेछ । निष्कर्षमा भन्ने हो भने भक्त र भगवान् बीचको सन्तुलित सम्बन्धकै नितान्त अभाव छ यहाँ । यसैले आफ्नो चारित्रिक मुकुण्डो उतार्नु नै भक्तको पहिलो र अनिवार्य सर्त हो जस्तो लाग्छ । यी कुराहरू उठाउनुको मतलव म नास्तिक पनि होइन ।

नास्तिकको कुरा आउनासाथ भगवान्‌को कुरा पनि आइहाल्छ । भगवान् विवाद र व्याख्याको वस्तु नभएकाले लाग्छ भगवानप्रतिको मेरो अभिव्यक्तिले कहीं आफैंलाई धोका दिने कौशलताको प्रदर्शनी त भइरहेको छैन ? कहिलेकाहीं भगवान्‌प्रतिको मेरो दृष्टिकोणले म आफैंभित्र अनुत्पादक प्रतिकुलता जन्मिएको आभास पनि हुन्छ । ममा त्यो भगवान्‌लाई मात्र मान्ने हिम्मत पनि छैन, जो मन्दिरभित्र मात्र कैद छ । भगवान् त सर्वव्यापी हो, मन्दिरभित्र मात्र कैद भइरहने त मान्छेले बनाएको मूर्तिमात्र हो । के हामीमा भगवान् बनाउने शक्ति छ ? म त त्यो भगवान्‌लाई मान्छु, जसले हामीलाई बनायो । यसैले मैले म नास्तिक होइन भनेको ।

अचेलको धार्मिक परिदृश्यलाई नै हेरौं - जुन मूर्ति जति भव्य र जति ठूलो राम्रो मन्दिरमा छ, त्यहीं भक्तहरूको भीड । फुटपाथका कतिपय स-साना मूर्तिहरूलाई त टेरपुच्छर नलाएको देखेको छु, अझ कुल्ची हिँडेको पनि देखेको छु । मान्छे-मान्छेबीच त ठूलो-सानोको भेदभाव भयो-भयो, मूर्तिका लागि पनि किन ? यही हो हाम्रो धार्मिक स्वभाव ? यदि यस्तै स्वभावले निरन्तरता पाइरहने हो भने विश्वले अहिलेको भन्दा बढी बेइमानी, धूर्तता, पाखण्डता र हिंसाको पीडा भोग्नुपर्ने समयको गति द्रुत हुने आशंकाले तर्साउने गर्छ मलाई । अन्त्यमा यस्तो अनुत्तरित विषयमा कलम चलाएर कहीं आफ्नो सामर्थ्यको क्षितिजभन्दा पर जाने कोसिस गरिरहेको छैन मैले जस्तो पनि लागेर आउँछ ।

★

# भ्रष्ट आइमाईले के गर्दैन ?

- *भिक्षु संघरक्षित,* संघाराम

पहिला पहिला काशी भन्ने गाउँमा एउटा परिवार बस्दथ्यो । त्यस परिवारमा बाबु, आमा र छोरा गरी तीन जना सदस्यहरू थिए । छोराको नाम वसिट्ठक थियो । ऊ आज्ञाकारी र आमा-बुबाको सेवाटहल गर्ने ज्ञानी थियो । एकदिन उसकी आमाको मृत्यु भयो । त्यसपछि उसले बुबाको सेवाटहलका साथै घरका सबै काम पनि गर्न थाले ।

छोराको मेहनत र परिश्रम देखेर बुबाचाहिं भन्दछ- "हे पुत्र ! तिमी एक्लैले भित्र र बाहिरको गर्नुपर्ने काम गर्दछौ । अब तिमीलाई एउटी कुलकुमारी ल्याइदिनेछु कमसेकम तिनले घरको काम त गर्नेछिन् ।"

यस्तो कुरा सुनेर वसिट्ठक भन्दछ - "हे पिताज्यू ! स्त्रीहरू भनेका घरमा आइसकेपछि न तपाईंलाई चित्तसुख दिनेछन् न त मलाई नै । त्यसैले यस्तो कुरा नगर्नुहोस् । म आजीवन तपाईको पोषण गर्नेछु । पछि भनेको त विचार गरौंला नि ।"

वसिट्ठकको इच्छा बिना नै उसको पिताले उसलाई एक कुलपुत्री संग विवाह गरिदियो । तिनी अहंकाररहित र ससुरा-पतिका उपकारिणी पनि थिइन् । तिनको शीलस्वभाव देखेर नै वसिट्ठकले सन्तुष्ट भई पाए पाएका मनपर्ने चीजहरू ल्याइदिन्थ्यो । तिनी पनि ती बस्तुहरू ससुरालाई दिन्थी । यसरी दिन बित्दैथियो । लोग्नेले सबै बस्तुहरू आफूलाई दिन ल्याउँथ्यो, बाबुलाई दिँदैनथ्यो । यही विचार गरी तिनले अब बूढोलाई घरबाट निकाल्ने उपाय खोज्न थाल्छिन् ।

त्यसपछि तिनले ससुरालाई पानी दिंदा कहिले धेरै चिसो र कहिले धेरै तातो दिन थालिन् । भात पनि कहिले काँचो र कहिले गिलो दिन्थिन् । तरकारीमा पनि कहिले बढी नून हाल्थिन् र कहिले नून नै हाल्दैन थिइन् । जसरी पनि बूढो रिसाउने काम गर्न थालिन् । रिसाएर बूढो करायो भने 'यस्तो बूढोको सेवा कसले गर्न सक्ला र' भन्दै तिनी कडा बोलीले झगडा गर्थिन् । आफैले जताततै खकार फालेर भए पनि लोग्नेलाई कराउन लगाउँथ्यो ।

तिनी भन्थिन्-"हेर बुबाको काम ! यस्तो यस्तो नगर भन्दा पनि मान्ने होइन । कलहमात्र गर्दछ । उहाँ जीर्ण भई बूढो भइसकेको छ । चाँडै रोगले मर्नेछ पनि । म अब उहाँसँग एउटै घरमा बस्न सक्दिन ।"

स्वास्नीको दिनहुँको कच्कच् सुनेर वसिट्ठक दुःखी भयो, सुद्धि-बुद्धि नै हरायो । अनि स्वास्नीलाई भन्छ- "त्यसो भए अब मैले के गर्नुपर्‍यो त ?"

श्रीमती-"हे स्वामी ! बुबा बृद्ध भएर दुःख भोगिरहेका छन् । रोगले चाँडै पनि मर्नेछन् । अतः तपाईले उहाँलाई काँचो-चिहानमा (मान्छे गाड्ने, फाट्ने ठाउमा) लानुहोस् । त्यहाँ एउटा ठूलो खाडल खनी उहाँलाई राख्नुहोस् । अनि उहाँको टाउको काटी मारेर त्यस माथि माटोले पुरी आउनुहोस् ।" पहिला त स्वास्नीको कुरामा उसलाई रिस उठ्यो । तर बारम्बारको त्यही कच्कच् र झगडाले गर्दा उसले भन्यो-"कसैलाई मार्ने भनेको ठूलो काम हो । कसरी म मार्न सकुँला र ?"

श्रीमती- "उपाय त म बताइहाल्छु नि ।"

वसिट्ठक- "त्यसो भए भन ।"

श्रीमती- "स्वामी ! हाम्रो आसामीको गाउँमा ऋण उठाउने निहूँले सबेरै बुबालाई रथमा राखेर लानुस् । अनि काँचा-चिहानमा पुऱ्याएर खाडल खन्नुस् र बुबालाई राख्नुस् । त्यसपछि चोरले हमला गरेको जस्तै आवाजले बुबाको टाउको काटी मारेर खाडल पुर्नुस् । अनि तपाईं नुहाएर घर फर्कनुस्, भइहाल्यो नि ।"

वसिट्ठकले स्वास्नीको कुरा मान्यो । उसको एक जना सातवर्षको छोरा थियो । त्यो बालक पण्डित र बुद्धिमानी थियो । र रातिनै बाजेसंग सुत्न गयो । भोलि बिहानै ऋण असुल्न जानलाई भनेर उसले बाबुलाई बोलायो । छोरा पनि पहिल्यै रथमा बस्न गयो । जति रोक्दा पनि रोक्न नसकेपछि वसिट्ठकले बुबासंग सानो छोरालाई पनि साथमै लिएर गयो ।

उनीहरू मशानमा पुगे । वसिट्ठक डालो र कोदालो लिएर रथबाट नदेखिने ठाउँमा गएर खाडल खन्न थाल्यो ।

उसको छोरा पनि रथबाट ओर्लेर त्यहीं पुग्यो र खाडल खनिरहेको बसिट्ठकलाई सोध्यो- "हे पिता ! न यहाँ कुनै कण्डहरू छन् न त आलु नै छन्। मशानको बीचमा तपाइँ के कारणले खाडल खन्दै हुनुहुन्छ ?"

वसिट्ठक- "हे पुत्र ! तिम्रा बाजे बूढो भइसक्यो। उहाँ दुर्बल छन्, अनेक रोगले पीडित भई दुःखी छन् । उहाँको दुःखलाई म हेरिरहन सक्दिन। तसर्थ मार्नु नै बेस हुनेछ।"

छोरा- "बाबुलाई दुःखबाट दूर गर्नु भनी ज्यान मार्ने संकल्प गऱ्यो । त्यो संकल्प नै पापपूर्ण छ । शिकारीले जस्तै आफ्नो हितबाट दूर हुने काम गर्दछौं।"

यति भनी उसले बाबुको हातबाट कोदालो लियो। उसले नजिकै अर्को खाडल खन्न थाल्यो। यो देखेर बसिट्ठक सोद्धछ- "पुत्र ! तिमी किन खाडल खन्दछौं ?

छोरा- "हे पिता ! तपाई बूढो हुँदाखेरि मैले पनि यस्तै काम गर्नुपर्छ । कुल परम्पराको काम अनुगमन गरी म पनि तपाईंलाई यो खाडलमा पुर्नेछु।"

वसिट्ठक- "हे पुत्र ! तिमी मेरो पुत्र भएर पनि मलाई चोट् लाग्ने कुरा गर्छौ। तिमी मेरो अहितकामी रहेछौ।"

छोरा- "हे पिता ! म तपाईंको अहितकामी छैन, हितकामी नै छु । तपाईंले गर्न लागेको पापकर्मबाट बचाउनु मेरो कर्त्तव्य हो । निर्दोषी आमाबाबुलाई हिंसा गर्नु ठूलो पाप हो र मरेर निश्चयनै दुर्गतिमा पुग्छ । आमाबाबुलाई सेवा गर्नु ठूलो धर्म हो । त्यस्ता व्यक्ति मरेर अवश्यमेव सुगतिमा पुग्छ।"

पुत्रको कुरालाई राम्ररी बुझेर वसिट्ठक भन्छ -"हे पुत्र ! तिमी मेरो अहितकामी होइनौ । हे पुत्र ! तिमी मेरो हितानुकम्पी हौ । तिम्री आमाको कुरा सुनेर मैले यस्तो नराम्रो काम गर्न लागिरहेको छु।"

छोरा- "हे पिता ! आइमाईहरूलाई दोष उत्पन्न हुने बित्तिकै हटाउनु सकेन भने बारम्बार उनीहरूले पापकर्म गर्ने छन्। जस्तो गर्दा मेरी आमाले फेरि यस्तो गर्ने छैनन्, त्यसरी नै उनलाई दमन गर्नुपर्छ।"

वसिट्ठक प्रसन्न भएर आफ्नो छोरा र बुबाको साथ घर फर्क्यो । उता उसकी स्वास्नी भने 'बल्ल अलक्षिना घरबाट निस्क्यो" भन्दै खुशी भइराखेकी थिई। अनि तिनले घरभरि गोबर लिपेर शुद्ध बनाइन् । त्यसपछि खीर पकाएर लोग्ने र छोराको बाटो हेरेर बसिन् । तिनले सबै फर्केको देखी । "निस्केको अलक्षिनालाई फेरि लिएर आयौ" भनी रिसाउँदै गाली गर्न थालिन् -"अरे दुर्गत ! फेरि तिमीले बाबुलाई फर्काएर लिइआयौ। फेरि अलक्षिनालाई घरमा ल्यायौ।"

वसिट्ठकले चुपचाप रथबाट ओर्ल्यो । अनि 'अरे अनाचारिणी ! के भन्छेस् रे' भन्दै खुबसँग कुट्यो र घरबाट निकालिदियो। उनीहरूले नुहाइधुवाई गरी पकाइराखेको त्यो खीर खाए । त्यो पापिनीस्त्री केही दिन अर्काको घरमा बसिन्। तिनी अझै पनि चेतिएकी थिइन।

पुत्रको योजना अनुसार वसिट्ठक अर्की स्वास्नी ल्याउन भनी निस्क्यो । छरछिमेकले तुरुन्तै यो खबर उसकी स्वास्नीकहाँ पुऱ्यायो । 'अब भने मेरो सत्यानास भयो' भन्ने विचारले तिनी साऱ्है डराइन्। अब के गरुँ भन्ने विचार गर्दागर्दै छोरालाई सम्झ्यो । दौडेर छोरासँगै माफी मागेर भन्न थालिन्- "तिमी बाहेक मलाई शरणमा लिने अरु कोही छैन । अबदेखि तिम्रो पिता र बाजेलाई अलंकृत चैत्यलाई जस्तै गरी सेवाटहल गर्नेछु। फेरि मलाई यस घरमा भित्र्याउने काम गर।"

उनीहरूको योजना सफल भयो । साँझपख वसिट्ठक केवल खेतमा घुमेर घर फर्क्यो। घर फर्केपछि छोराले भन्छ- "हे पिता ! जो ती अनार्यस्वभावकी तपाईंकी भार्या हुन्, तिनी मलाई जन्माउने मेरी आमा हुन्। अब उनी दमन भएकी हस्तिनी जस्तै दमन भइसकेकी छिन्। त्यसैले उहाँलाई अब घरमा आउन दिनुस्।"

तिनीलाई बोलाएर घरमा ल्याए । तिनले आफ्नो लोग्ने र ससुरासँग पनि क्षमा मागिन्। त्यसबेलादेखि तिनले कहिल्यै ससुराप्रति नराम्रो व्यवहार गरिनन्, नराम्रो दृष्टिले सोचेनन् अनि पतिलाई पनि भए-नभएको चुगली गरेर कलह उत्पन्न गराइनन् । बरु धर्मानुसार आफ्नो लोग्ने र ससुराप्रति गर्नुपर्ने कामकर्त्तव्य राम्ररी गरेर बसिन्। छोरालाई पनि राम्ररी हेरविचार गरिन्। अब त्यहाँ कुनै झगडा भएन । त्यहाँ कुनै अशान्ति थिएन । राम्ररी मिलेर खुशीका साथ उनीहरूले जीवन बिताए।

*स्रोत : तक्कल जातक*

## सत्य धर्मय् म्वाय्

***राजा बज्राचार्य***

युवा बौद्ध समूह, यें ।

मदु गवलें थ्व समाजे
सहयायेगु व मिले जुया च्वनेगु
खालि दु ल्वापु व थवं थवे हालेगु ।
स्वतन्त्र कथं थ:गुहे पहलं
म्वायेगु इच्छा दुपिंनं थन
बन्धने च्वने मालीगु ।
गजा:गु विदम्बना थ्व भीगु ?
वा: चायेके माल आ:ला
मचा बले म्हितेगु कासाथें
गुलि तक्यना च्वनेगु थ्व संस्कारे ?
मनू थ:हे छगु संस्कार ख:,
अज्जनं संस्कारया जा: ग्वया:
थ:हे छाय् तक्यना च्वनेयो:गु ?
छु न्ह्यइपुसे च्वंला तक्यना म्हितेगु ?
माक:चाथें जा: प्यना:
कि मेपिन्तनं तक्यंके त्यनागु ?
धाथें माक:चाहे ख: छिपिं
उकिं हे संस्कारया जा: ग्वया:
मेपिन्तनं जा:लय् क्यंके त्यंगु !
मखुसा छु थ्व देया
संस्कृति ल्यंकेगु नामे
स:स्यू धायेके त्यंगुला ?
तर विचा: यायेमा: भीसं
गुम्हेसियां लिकुना च्वंगु
संस्कृति क्यनेत स्वइ
वयात गुकथं स:स्यू धायेगु ?
वल्कि ख्युंगु गाले
अज्ञानताया पत्ति चिना:
क्वब्वायेत पासा मा:गु ।
अज्ज थ:गु धाक क्यनेत,
थ:गु वर्चशव कायम यायेत
छगू चाल जक म्हितूगु ।
उकिं आ: बुद्धया नामे
गुगुं सम्प्रदायय् तमक्यंसे
शील, समाधि, प्रज्ञाय् म्वाये ।
थ्वहे सत्य धर्म ख:
सत्य धर्मे म्वाय् ॥ ❋ ॥

## स्व. भिक्षु सुदर्शनया लुमन्ति

-वेखारत्न शाक्य

लू निभा थिना वोथें, ल्याय्म्ह जुया वोम्ह
बी निभा बिना वं थें, वृद्ध अवस्थाय् थ्यंम्ह ।

भाषा व धर्मे जीवन पाना, कर्तव्य थ:गु पालन याना,
चा व न्हिया घ:चा तुइका, उमेर न्ह्याना थ च्वंम्ह ।

बौद्ध विद्वान महास्थवीर, गन बिज्यात मेगु लोके
घा: जुइवं आया धायथें, हाल उपासक थ्व लोके ।

श्रद्धेय भन्ते छलपोलं, ब्वल इतिहास लुम्बिनीया,
विश्वे बुद्धया भ्रण्डा ब्वेका, स्वाँ व्हल विश्व शान्तिया ।

पुलांगु लुं थिना वोथें, ल्यनीतिनि कीर्ति छपिंगु
हाय् भन्ते सुदर्शन लुमंका गुण स्मरण याना ।

## सुख सुनानं ब्यूवइमखु

- ***जयवती,*** धर्मकीर्ति विहार

दु:ख दु:ख धका: न्ह्याको हा:सां
सुख सुनानं ब्यू वइमखु
दु:खया मूल मनया तृष्णा
मथ्वीकं थ्व दु:ख तनीमखु
थ:त सुनानं छुं धाइगु मयोसां
च्वनेमफु सुयातं छुं हे मधास्य
थुलि खँ थ्वीका: सीका मच्वंसा
सुखया आशा याय्गु गथे ?
फुकं अनित्य सीक सीकं
तोते मफु स्व छुं हे सुनानं
धन दयाँ जक गा:गु मखु
दु:खया थ्व मन तंका छ्वयत
मनुष्य जन्म दुर्लभ तसकं
छ्वयमते सितिकं जीवन थुगु
शील समाधि प्रज्ञा मदय्कं
मुक्तिया लँपु खनी मखु ।

# "तिपिटकधर धम्मभण्डागारिक अग्गमहापण्डित"
# डा. भद्दन्त सुमंगलालंकार सयादोको संक्षिप्त परिचय

- अनगारिका अग्गञाणी

बुद्धवचन संग्रहित सारा त्रिपिटक अर्थात सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक अन्तर्गतका सबै पालि ग्रन्थहरू कण्ठष्ट भएका र तिपिटक पालिको अट्टकथा, टीका समेतमा दक्षता हासिल गरी 'तिपिटकधर धम्मभण्डागारिक' पदवीबाट विभूषित हुनु भएका म्यान्मारका बौद्ध विद्वान् भिक्षु ऊ. सुमंगलालंकार एक प्रतिभाशाली सुप्रख्यात भिक्षु हुनुहुन्छ। वहाँ म्यानमारका अहिले.........तिपिटकधर पदवी प्राप्त १० जना भिक्षुहरू मध्ये चौथौं, कम उमेर र कम समयमा अर्थात २७ वर्षको उमेरमा तिपिटकधर हुनुमा सफलता प्राप्त पहिलो भिक्षु हुनुहुन्छ। वहाँ महास्थविर परियत्ति एवं प्रतिपत्ति शासनमा दक्ष भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय भिक्षुहरूलाई दिइने 'अग्गमहापण्डित' पदले पनि विभूषित हुनुहुन्छ। तिपिटक महागन्धाराम विहारको विहाराधिपति भइ सयौं भिक्षुहरूलाई अध्यापन गरी धर्म प्रचारमा अमूल्य योगदान दिइ आउनु भएको र धेरै संघ संस्थाहरूमा सल्लाहकार एवं ओवादाचरिय भइ नेतृत्व प्रदान गर्दै आउनु भएका बुद्ध शासनमा सर्मपित महास्थविर हुनुहुन्छ।

## जन्म:

म्यानमारका शकाइँ अञ्चल स्वेभो जिल्ला वय्क्लय्क क्षेत्रको ऐँच्येँपें गाउँमा पिताउ आउँ

र माता दो खेंचिकाको दोस्रो सुपुत्रको रुपमा ई.सं. १९४६ मे १० शुक्रवार जन्मनु भएको थियो। वहाँको गृहस्थ नाउँ माउँ ताउँ ते हो।

## श्रामणेर दीक्षा :

वहाँले १२ वर्षको उमेरमा ई.सं. १९५८ आषाढ पूर्णिमाको दिन ऐंच्येपें गाउँमा भद्दन्त जटिल महास्थविर को उपाध्यायत्वमा श्रामणेर प्रव्रज्या ग्रहण गर्नु भएको थियो।

## भिक्षु दीक्षा:

वहाँले २० वर्षको उमेरमा ई.सं. १९६६ जुन २६ मा यांगुन शहरको महाबोधि विहारमा अग्गमहापण्डित भद्दन्त जनकाभिवंशको उपाध्यायत्व र स्वें चें सासनाधिपति म्याउँ म्या सयादोको आचार्यत्वमा उपसम्पन्न भई भिक्षुत्व ग्रहण गर्नु भएको थियो।

## शिक्षा:

१. श्रामणेर शाक्यसिंह परीक्षाको उच्चस्तरमा विशिष्ट श्रेणीमा उत्तीर्ण

२. धम्माचरिय परीक्षामा (म्यानमा: डिस्टिंकसन)

३. पालि पारगू विशिष्ट श्रेणी

४. तिपिटक ग्रन्थ पालि सबै कण्ठष्ट पाठ दिइ मौखिक एवं तिपिटक पालि, अट्ठकथा एवं टीकाको लिखित परीक्षामा उत्तीर्ण त्रिपिटकधर

## उपाधि/पदवी:

१. परियत्ति सासनालंकार अच्यो

२. सासनधज सिरीपवर धम्माचरिय, सासनधज धम्माचरिय

३. अभिधम्मपालि पारगू

४. विनयधर विनयकोविद (२२ वर्षको उमेरमा)

५. अभिधाम्मिक अभिधम्म कोविद (२५ वर्षका उमेरमा)

६. दीघभाणक दीघनिकाय कोविद एवं अन्य निकायमा कोविद भई तिपिटकधर तिपिटक कोविद (२७ वर्षको उमेरमा)

७. अग्गमहापिण्डत (४४ वर्षको उमेरमा) सन् १९९०

८. तिपिटकधर धम्मभण्डागारिक (५२ वर्षको उमेरमा सन् १९९८)

९. थाइलैण्डको महाचूलालंकंन राज विश्व विद्यालयबाट 'तिपिटक' मा मानार्थ डाक्टर डिग्री Ph.D प्राप्त १९९८ मार्च ३० मा

## सेवा एवं अनुभवः

१. तिपिटक महागन्धाराम विहार स्थापना गरी २८ वर्षको उमेर देखि बुद्धधर्मको परियत्ति शिक्षामा निरन्तर अध्यापन

२. स्वैं च्यैं महागणका नायक

३. अन्तर्राष्ट्रिय थेरवाद शासन प्रचारार्थ स्थापित विश्व विद्यालयको ओवादाचरिय

४. विश्व विद्यालय बुद्ध शासन समितिका ओवादाचरिय

५. अभिधर्म प्रचारक संस्थाका ओवादाचरिय

६. परियत्ति शासनलंकार संस्थाका ओवादाचरिय

७. शासन हीतकारी शीलवती संस्था आदि विभिन्न संस्थाको ओवादाचरिय एवं सल्लाहकार भइ बुद्ध शासनमा समर्पित

## प्रकाशित ग्रन्थहरू :

१. सीलक्खण्डनवटिका (टिप्पणी र स्पष्टिकरण)

२. विनयटीका प्रथम

३. विनयटीका द्धितीय

४. विनयटीका तृतीय (खण्ड १)

५. विनयटीका तृतीय (खण्ड २)

६. ओवाद कथा

७. तिपिटक

★

## घरेलु हिंसाविरुद्ध टेलिचलचित्र

जनकपुर/मदिरा सेवन गरेर महिलामाथि पुरुषद्वारा गरिने आतंकविरुद्ध सबै महिला एकजुट हुनुपर्ने आवाज उठिरहेको बेला स्थानीय महिलालाई यसका विरुद्ध लाग्न जनचेतनामूलक कार्यक्रम प्रदर्शन गरिएको छ ।

लोकशक्ति, धनुषाले लक्ष्मीपुर वगेवा गाविसमा झन्डै सयभन्दा बढी महिलाको उपस्थितिमा मदिराजन्य पदार्थको सेवन गरी महिलामाथि पुरुषद्वारा गरिने अत्याचारलगायत मानसिक पीडाबाट मुक्त हुनका लागि महिलालले अपनाउनुपर्ने कदम दर्शाइएको मैथिली टेलिचलचित्र प्रदर्शन गरेको छ । उक्त टेलिचलचित्र ४५ मिनेट अवधिको थियो । साभार : *स्पेश टाइम ।*

## अब बुद्ध जन्मदैन

*- उषा भट्ट*

म फेरि, आमा बन्न लागेकी छु
म बुद्ध जन्माउँदै छु
पहिले,
मेरो गर्भबाट जन्मेको बुद्ध सम्झन्छु
शान्ति खोज्न जन्मनेबित्तिकै हिंडेको थियो
भेट्टायो पनि,
बुहारी र नातिलाई आँसुमा डुबाई
अर्काको आँसुको मोल खोज्यो
रोगी, जीर्ण लास हो मान्छे
आखिर सबैले स्वीकारे
आमा बिर्स्यो, मलाई बिर्स्यो
तर,
खुसी थिएँ जे गऱ्यो राम्रै गऱ्यो
अकालमा कसैले मर्न हुदैन
शान्ति पस्क्यो विश्वभर
असमयमै प्रकृतिमा मिसियो
हिजोसम्म
बुद्ध शरणं गच्छामि भन्नेहरू
आज रगत छर्कने खेल खेल्दै छन्
हत्या वितरण गर्दै छन्
म आफैलाई प्रश्न गर्छु
अब शान्ति पछ्याउलान् मान्छेहरू ?
मान्छे बढी हिंस्रक भएको छ
मेरो बुद्धलाई पछ्याउलान् ?
मान्छे बढी स्वार्थ भइसक्यो
आफूबाहेक कसैलाई देख्दैन,
फर्केर हेर्दैन र पछुताउँदैन
मान्छे पनि मेरै अणुबाट बनेको
मैले मान्छे नजन्माउनुपर्ने
म सोच्छु
समयसँगै आएको विकृति हो
धेरैअघि
मैले जन्माएकाहरू भद्र थिए
अहिले सोच नै दूषित भएको छ
मेरो गर्भ दूषित भएको छ
अब जन्मने बुद्ध हिजोको हुनेछैन
त्यसैले मैले अठोट गरें
म दूषित र कलुषित बुद्ध जन्माउँदिनँ ।

# यज्ञ प्रति बुद्धको विचार

मिति : २०५९ श्रावण २५
स्थान : धर्मकीर्ति विहार, श्रीघ:
रिपोर्टर : **श्री श्यामलाल चित्रकार ।**

यसदिन सोभियत रत्न तुलाधरले यज्ञप्रति बुद्धको विचार विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- "एक समय भगवान बुद्ध खाणुमत नाम गरेको ब्राह्मण गाउँको अम्बलट्ठिका विहारमा बसिरहनु भएको थियो । त्यसबेला कूटदन्त ब्राह्मणले ७/७ सय पशुहरूलाई वलि चढाउनको लागि महायज्ञको तयारी गर्दै थिए । त्यस ब्राह्मणले सोह्र परिष्कार युक्त त्रिविध यज्ञ सम्पदा वारे राम्रो ज्ञान नभएकोले भगवान बुद्ध समक्ष यस विषयमा जिज्ञासा राख्न पुगेछ । अनि बुद्धले त्यस ब्राह्मणलाई महाविजित राजाको घटना वर्णन गर्दै महानफल दिने उत्तम यज्ञहरूको विश्लेषण गरी बताउनु भयो ।

महाविजित राजाले उसको राज्यमा चोर डाँका तथा अन्य घातकहरूलाई दण्ड र शस्त्र अशत्रले दमन नगरी कृषकहरूलाई विऊ वीजन; व्यापारीहरूलाई लगानी, कामदारहरूलाई नोकरी उपलब्ध गराई जनतामा अमन चैन र सुख शान्ति प्रदान गरेका थिए । यसरी अनुकुल वातावरण तयार गराएपछि मात्र सोह्र परिष्कार युक्त यज्ञ गरेका थिए। ती सोह्र परिष्कार यसरी छन् अनुमति पक्ष ४ वटा, यज्ञ गर्ने राजाको गुणहरू ८ वटा र यज्ञ गराउने पुरोहितको गुणहरू ४ वटा आदि ।

१. अनुमति पक्ष ४
   (क) देशका निगमवासी जनपदवासी क्षेत्रीहरू
   (ख) अमात्य तथा परिषदहरू
   (ग) ब्राह्मण महाशालहरू
   (घ) गृहपती महावालहरू
   यी चार पक्षहरूबाट अनुमति लिनुपर्छ ।
२. राजाको गुणहरू ८ वटा हुनुपर्छ ।
   (क) आमाबुबा दुबैबाट सुजात हुनुपर्छ ।
   (ख) सुन्दर हुनुपर्छ ।
   (ग) महाधनी हुनुपर्छ ।
   (घ) चतुरङ्गि सेनाले युक्त हुनुपर्छ ।
   (ङ) पुण्यवाण हुनुपर्छ ।
   (च) बहुश्रुत हुनुपर्छ ।
   (छ) अर्थ बुझ्न सक्ने हुनुपर्छ ।
   (ज) मेधावी पण्डित हुनुपर्छ ।
३. यज्ञ गराउने पुरोहितको ४ वटा गुणहरू हुनुपर्छ ।
   (क) आमाबुबा दुबै सुजात हुनुपर्छ ।
   (ख) मन्त्रधर हुनुपर्छ ।
   (ग) शीलवान् हुनुपर्छ ।
   (घ) मेधावी हुनुपर्छ ।

यी १६ परिष्कार युक्त अहिंसामय यज्ञ धेरै लाभदायक भए पनि यो भन्दा महानफल प्राप्त हुने यज्ञको बारेमा बुद्धले कूटदन्त ब्राह्मणलाई व्याख्या गरी सुनाउनु भएको थियो । ती यज्ञ यसप्रकारका छन् ।

१. दानमय यज्ञ अर्हत् र अर्हत्मार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन् ।
२. संघको निमित्त विहार निर्माण ।
३. त्रिशरणमय यज्ञ - बुद्ध, धर्म र संघको शरण जाने ।
४. शिक्षापद यज्ञ- पञ्चशील पालन गर्ने ।
५. शीलमय यज्ञ- प्रव्रजित भई चूलशील, मज्झिमशील तथा महाशील पालन गर्ने ।
५. समाधिमय यज्ञ-चतुर्थ ध्यान सम्म प्राप्त गरी समाधिमा बस्ने ।
६. प्रज्ञामय यज्ञ-सम्पूर्ण क्लेशहरू नाश गरी चित्तलाई निर्मल र निश्चल गरी चतुआर्य सत्यलाई यथार्थ रूपमा बुझी ऋद्धि विध, दिव्यश्रोत, चेतोपरिय, पुब्बेनिवास, दिव्यचक्षु, आश्रवक्षय ज्ञान हासिल गर्ने कार्यमा चित्त लगाउने आदि ।

**अप्पमादेन सम्पादेथ**

२०५९ भाद्र २२

धर्मकीर्ति विहार ।

यसदिन धम्मवती गुरुमांले 'अप्पमादेन सम्पादेथ" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो-"भगवान बुद्धको अन्तिम एवं अमूल्य वचन "अप्पमादेन सम्पादेथ" अर्थात् जहाँ र जुनसुकै अवस्थामा पनि होश पुऱ्याइरहनु हो । यो बुद्ध वचन प्राणीहरूका लागि अति नै कल्याणकारी रहेको छ । बुद्धले भन्नुभएको छ "पञ्ञा वन्तस्स अयं धम्मो" अर्थात् प्रज्ञावान् व्यक्तिहरूले मात्र बुद्ध शिक्षालाई बुझ्न सक्नेछन् ।

अभिधर्ममा कुशल, अकुशल र अब्यागत धर्म विषयमा विशेष रूपले वर्णन गरिएका छन् । लौकिक सुख भन्नु नै वास्तवमा दुःखसंग दुःख नै मात्र साट्नु हो । बुद्ध शिक्षाले लोभ, द्वेष र मोहलाई नष्ट पारी अन्त्यमा परम शान्ति निर्वाण सम्म पुग्ने ज्ञान दिन्छ । जसले यस शिक्षालाई जीवनमा प्रयोग गर्छ, उसले नै दुःखलाई अन्त्य गरी मुक्ति प्राप्त गर्न सक्नेछ ।

बुद्ध शिक्षामा उल्लेख गरिएको बुद्ध वचन "वय धम्मा संखारा अप्पमादेन सम्पादेथ" ले होशीयारी रहन जोड दिइएको छ । यसरी होशपूर्वक जीवन बिताई मुक्ति मार्गमा पुग्नको लागि एउटैमात्र उपाय छ, त्यो हो सतिपट्ठान ध्यान । सतिपट्ठान ध्यान गर्दा कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना र धम्मानुपस्सना आदि गरी चार क्षेत्रमा हामीले विशेष होश पुऱ्याउनु आवश्यक छ । जसले यस कार्यमा सफलता प्राप्त गर्न सक्छ, उसले मात्र मुक्तिमार्ग प्राप्त गर्न सक्नेछ ।"

यसदिन ध्रुव स्थापितले कक्षा संचालन गर्नुभएको थियो भने नीता केशरी श्रेष्ठले प्रतिवेदन तयार पर्नु भएको थियो ।

**आमा बुबाको गुण सम्झी सेवा गर्ने**

२०५९ भाद्र २२, धर्मकीर्ति विहार श्रीघः

प्रतिवेदन प्रस्तोता- एस.के.श्रेष्ठ

यसदिन भिक्षु भद्दियले बुबाको मुख हेर्ने दिनलाई महत्त्व दिंदै भन्नुभयो "आमा बुबाको मुख हेर्ने चलन हाम्रो देशमा मात्र होइन अन्य विभिन्न देशहरूमा पनि Mother's day र Father's day को रूपमा विभिन्न तरिकाले मनाउने चलनहरू छन् ।

बालककालमा आमा बुबाले हामीलाई माया गरी खुवाई पिलाई शिक्षा दिई खुट्टाले टेक्न योग्य बनाइ दिन्छ । त्यही गुणलाई सम्झी आमा बुबालाई विशेष रूपले सेवा गर्नुपर्ने दिन हो यो बुबाको मुख हेर्ने दिन । आमा बुबाले आ-आफ्ना छोरा छोरीहरूलाई थुप्रै दुःख कष्ट भोग गरी हुर्काउने गर्छ । आफु नै आमा बुबा बनिसकेपछि मात्र यस विषयमा प्रष्ट ज्ञान हुनेछ । तर हाम्रो समाजमा बालबालिकाहरूलाई राम्रो नैतिक शिक्षा रूपी संस्कारहरू दिन नसकेको कारणले गर्दा नै उनीहरू अशिक्षित बनिरहेका छन् ।

मातातीर्थ र गोकर्णमा गई आमा बुबालाई सम्झी धर्म गर्ने चाड नै आमा बुबाको गुण सम्झी बनाइराखेको विशेष चाड हो । बुद्धले पनि आफ्नी आमा मायादेवीको गुण सम्झी अभिधर्म देशना गर्नु भएको विषयमा उल्लेख गरिएको छ भने बुबा शुद्धोदन महाराजालाई पनि मुक्ति मार्ग प्राप्त गर्न सक्षम बनाउनु भएको विषयमा पनि उल्लेख गरिएको छ । बुद्ध शिक्षानुसार आमा बुबाहरू जीवित अवस्थामा पनि आफुले सक्दो सेवा तहल गर्नुका साथै मरणोपरान्त पनि आफुले उहाँहरूको पुण्य स्मृतीमा पुण्य कार्य गर्न अत्यावश्यक छ ।

बालक काल देखि हुर्काई बढाई राम्रो मार्ग देखाई खुट्टाले टेक्न लगाउने आमा बुबाको मैत्री, करुणा, मुदिता, र उपेक्षा आदि चतुर्ब्रह्म बिहार गुणले भरिएको आमाबुबा हाम्रा प्रथम चरणका गुरुहरू हुन् । आफुलाई यसरी अनन्त गुण लगाउने व्यक्तिहरूको गुण जसले विर्सने गर्छ, त्यो व्यक्ति पतन भएर जानेछ, मूर्ख भएर जानेछ । त्यसैले आफ्ना आमा बुबाको गुणको बदला तिर्नु हरेक छोराछोरहिरूको कर्त्तव्य हो ।

## नेवा: देय् दबूया स्वक्व:गु त:मुँज्या

राष्ट्रिय सभा गृह व सिद्धार्थ वनस्थली स्कुल ।

दिं- ने.सं. ११२२ ञलाथ्व चतुर्दशिं व पुन्ही (०५९ आश्विन ४,५)

नेवा: देय् दबूया स्वक्व:गु त:मुँज्या व नेवा: राष्ट्रिय सम्मेलन भाषा थुवा: धम्मवती गुरुमां पाखें त्वा:देवाय् मत च्याका: उलेज्या याना बिज्यात । नेवा: भाय् जाति व साहित्य ख्यलय् योगदान वियावपिं हनेबह:पिं ज्ञात अज्ञात प्रति छगू मिनेट मौन धारण यासें श्रद्धाञ्जली प्वंकूगु उगु ज्याइवले भाजु परशुराम श्रेष्ठं लसकुस न्वचू बियादीगु ख: ।

नेवा: देय् दबूया नायो: लक्ष्मण राजवंशीया सभापतित्त्वय् जूगु थुगु ज्याइवले नरेशवीर शाक्यं थी थी राजनीतिक पार्टीतसें थुगु त:मुँज्यायात छ्वयाह:गु भिन्तुना सन्देश ब्वना: न्यंकादीगु ख: । थुगु हे ज्याइवले नेवा: देय् दबूया संस्थापक नायो: भक्तिदास श्रेष्ठयात बेतालिं चिका: हनापौ देछासे हनेज्या या:गु ख: । अथेहे नेवा: पत्रिकाया इतिहास सम्बन्धि भीसीडीया उलेज्या भाजु पद्मरत्न तुलाधरं यानादीगु ख: ।

म्यूजिक भिडियो पांगां लसकुस धून न्यंकूगु थुगु ज्याइवले देय् दबूया दुज: सत्यमोहन जोशीं थ:गु नुग:खँ प्वंकादिसे नेवा:तय् लागि नेवा:तसें याय् मानिगु कर्त्तव्यया वारे न्ववानादिल ।

अथेहे धम्मवती गुरुमां नं हरके परिवारय् माँ बौ न्हापांयाम्ह गुरु ज्वीगुलिं मां बौं नं हे थ: मचातयूत नेवा: खँ ल्हाय्गु बानी याय्मा:गु खँय् जोड बिया बिज्यात । अथेहे अभिनन्दित व्यक्तित्त्व भक्तिदास श्रेष्ठ, लक्ष्मीदास मानन्धर, बालकृष्ण माबुहांग आदिपिसं नं थ:थ:गु नुग: खँ प्वंकादीगु थुगु ज्याइव:ले देय् दबूया दुज: पञ्चकुमारी मानन्धरं सुभाय् बियादीगु ख: । ज्याइव: अन्जान शाक्यं न्ह्याकादीगु ख: ।

राष्ट्रिय सभागृहय् उलेज्या धुंका: बनस्थली वन्द सत्र या:गु थुगु त:मुँज्याया इवलय् देय् दबूया पदाधिकारीपिं ल्येगु ज्याइव: नं सिध:गु खँ सीदु । अथेहे त:मुँज्यां प्यंगू बुँदाया प्रस्तावत नं पारित या:गु खँ समाचारय् उल्लेख जुयाच्वंगु दु ।

★★

## शान्ति भूमी

भवतु सव्व मङ्गलं ।

भैषर्ज्य वास: पस: ख्वप ।

*बुद्ध जन्म जूगु देशे शान्ति जुये माल ।*
*शान्ति क्षेत्र भूमी अशान्ति क्षेत्र जुइ मजिल ॥*
*झि सकसिनं शील सदाचारी जुइ माल ।*
*अले झीसं थ: थ: ल्वायगु त्वते माल ॥*
*हिंसा, असत्य, दुराचार जूगु नास यायेमाल ।*
*श्रद्धा व प्रज्ञाया ज्ञान झीसं थ्वीके माल ॥*
*थुगु ज्ञान झी सकसिनं कया ब्यवहारे छेले माल ।*
*अले अन्ध भक्ती अन्ध संस्कार वांछोये माल ॥*
*पञ्चशील पालन याना थनया थनहे स्वये माल ।*
*पलख धका पिया च्वने म्वागु धका सिइके माल ॥*
*अले विश्वे विश्वासी ज्वी फयेके माल ॥*
*अले झी सकसिनं ययका च्वने माल ।*
*सकसिनं ययका च्वनेत कुबानी तोते माल ॥*
*थुलि बुद्ध धर्म सङ्घयात थ्वीका च्वने माल ।*

## जिगु थ्व बानी

- रामभक्त प्रधान, बनेपा ।

जिगु थ्व बानी गथे स्यंगु ?
साक्क नय्गु बाँलाक पुनेगु
चाचा:हिला: न्हयाथायनं स्व:ज्वीगु
स्वयागु न्ह्यागु बस्तु नं जित: मालीगु
चा:ह्यू ववं अय्ला: थ्वं त्वनेगु
थ्व हे ध्वङ्गीगु बानिं याना जि स्यंगु
जिके धन सम्पत्ति यक्को मदुगु
तं पो धा:सा दोचिंक दयाच्वंगु
आख: सयां जित: छु यायगु ?
थ:गु इज्जतयात थातं तयमफुगु
पासापिसं न्वा:सां खँ न्यने मफुगु
थ्व हे बानिं यानां दु:ख जुयाच्वंगु ।

## सम्यक शिक्षा समूह धरान-१२ का गतिविधिहरू

### वक्तृत्वकला प्रतियोगिता

२०५९ श्रावण ११, स्वयम्भू चैत्य महाविहार ।

सम्यक शिक्षा समूह धरान-१२ ले नियमित साप्ताहिक अतिरिक्त क्रियाकलाप अन्तर्गत "बुद्ध शिक्षाको महत्त्व विषयक वक्तृत्त्वकला प्रतियोगिता सम्पन्न गरिएको छ ।

८ जना प्रतियोगीहरूले भाग लिएको उक्त प्रतियोगितामा सृजना शाक्य प्रथम, सृजना राई द्वितीय र दीपा श्रेष्ठ तृतीय भएका थिए ।

अनुपमा शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त प्रतियोगिताका निर्णायकहरूमा अनिल शाक्य र कुलदिप शाक्य रहनु भएको थियो । त्यसरीनै सन्दिप शाक्यको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा तेजु श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो भने कार्यक्रमको संचालन अनुपमा शाक्यले गर्नुभएको थियो ।

भिक्षु सुदर्शन महास्थविर दिवंगत हुनु भएकोले उहाँको चिर शान्ति तथा गुणस्मरण गरी सम्यक शिक्षा समूह तथा स्वयम्भू चैत्य महाविहार परिवारको संयुक्त आयोजनामा शोक सभा मनाइएको थियो ।

यसरी नै मिति २०५९ श्रावण २५ गते पनि "स्वास्थ्य नै धन हो" विषयक वक्तृत्त्वकला प्रतियोगिता सम्पन्न गरिएको थियो ।

७ जना सहभागीहरूले भाग लिएको उक्त प्रतियोगितामा सृजना शाक्य प्रथम, राजमाया चामलिङ्ग द्वितीय र सरोज श्रेष्ठ तृतीय भएका थिए ।

गंगादेवी शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त प्रतियोगितामा निर्णायक मण्डलमा मोहन श्रेष्ठ र लोकराज निरौला रहनुभएका थिए । सन्दिप शाक्यको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा विद्या शाक्यले आफ्नो मन्तव्य दिनुभएको थियो भने केशव श्रेष्ठले स्वागत मन्तव्य दिनु भएको थियो । यसरी नै अनुपमा शाक्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

### सम्यक गीत प्रतियोगिता

२०५९ श्रावण १८

सम्यक शिक्षा समूह धरान १२ ले सम्यक गीत प्रतियोगिताको आयोजना गरिएको समाचार छ ।

५ जना प्रतियोगीहरूले भाग लिएको उक्त प्रतियोगितमा रश्मी ताम्राकार प्रथम र प्रार्थना श्रेष्ठ द्वितीय भएका थिए ।

मोहन श्रेष्ठको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा रेखा सुब्बा प्रमुख अतिथी हुनुहुन्थ्यो भने विद्या शाक्य र अनुपमा शाक्य निर्णायक मण्डलमा रहनु भएका थिए । यसरी नै सृजना शाक्यको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा रेखा सुब्बा र मोहन श्रेष्ठले मन्तव्य व्यक्त गर्नु भएका थिए । कार्यक्रम सन्दिप शाक्यले संचालन गर्नुभएको थियो ।

### वार्षिकोत्सव तथा प्रेरणा पुरस्कार

२०५९ आश्विन ४

सिद्धि मंगल बौद्ध परियत्ति केन्द्र

यल उपमहानगर पालिकाका भूतपूर्व मेयर श्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा श्री सिद्धि मंगल बौद्ध परियत्ति केन्द्रको पाँचौ. वार्षिकोत्सव तथा प्रेरणा पुरस्कार वितरण कार्यक्रम त्राणवती गुरुमांको सभापतित्त्वमा सम्पन्न भएको समाचार छ ।

एक कक्षा देखि पाँच कक्षा सम्म उत्तीर्ण विद्यार्थीहरू बिच कथा प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई र शिक्षक शिक्षिकाहरूलाई समेत पुरस्कारको व्यवस्था गरिएको थियो । उक्त प्रतियोगितामा सरु नेमकुल, विद्या महर्जन र विकास महर्जन क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए भने लक्ष्मी महर्जनले शान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएको थियो ।

विमला शाक्यले केन्द्रको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको यस कार्यक्रममा मंगलदास महर्जनले स्वागत भाषण गर्नुभएको थियो भने बुद्धि बहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

बुद्ध पूजा कार्यक्रमको सिलसिलामा भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुहुँदै भन्नुभयो- "हामी विहारमा आई धर्म गरिरहनुको प्रमुख उद्देश्य नै सांगुरिएको मनलाई फाराकिलो पार्नको लागि र आ-आफ्नो खराव बानी व्यवहारहरू हटाई सभ्य र ज्ञानी बन्नको लागि हो ।"

## धर्मसंघ बुद्ध विहार पोखराको गतिविधी

**१ गुँला धर्म**

२०५९ भाद्र २३, धर्मसंङ्घ बुद्ध विहार, पोखरा ।

गुँला धर्म समापन अवसरमा आयोजित एक समारोहमा भिक्षु श्रद्धानन्दले धर्म देशना गर्नुहुँदै भन्नुभयो - "लडाईंमा हजारौं व्यक्तिलाई जित्नु भन्दा आफुले आफैलाई जित्नु नै वास्तविक विजय हो भन्ने बुद्ध शिक्षालाई प्रत्येक व्यक्तिले बुझी आ-आफ्ना खराव क्लेशहरूलाई नाश गरी आफै माथि विजय प्राप्त गर्नु परेको छ ।"

कुलामन बुद्धाचार्यको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा श्याम शाक्यले उद्घोषण गर्नुभएको थियो ।

२. **श्रद्धाञ्जली सभा:** यसरीनै भाद्र २१ गते धर्मसंघ बुद्ध विहारका सदस्य श्रीमती सेवन कुमारी शाक्यको पुण्य स्मृतिमा कुलामान बुद्धाचार्यको सभापतित्त्वमा एक श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो । श्याम शाक्यले संचालन गर्नु भएको सो सभामा भिक्षु श्रद्धानन्दले मरणानुस्मृति भावना वारे प्रकाश पार्नु भएको थियो ।

३. **पञ्चदान कार्यक्रम:** २०५९ भाद्र २० गते। स्थान: धर्मसंघ बुद्धविहार/धर्मसंघ बुद्ध विहारले बर्षेनी आयोजना गर्दै आएको पंचदान कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको समाचार छ। ३ वर्षिय वाल वालिका देखि ८० वर्षिय वृद्ध वृद्धाहरूको समेत उत्साहपूर्ण सहभागिता रहेको उक्त कार्यक्रममा मानिसको जीवन जिउनका लागि अत्यावश्यक वस्तुहरू दान प्रदान गरिएको थियो ।

## पुस्तक विमोचन

**नगदेश बौद्ध समूह, धम्महल ।**

**२०५९ आश्विन ५ गते ।**

नगदेश बौद्ध समूह र धर्मोदय सभा मध्यपुर थिमि नगर शाखा, नगदेशको संयुक्त आयोजनामा नगदेश बौद्ध समूहका भूतपूर्व अध्यक्ष दिवंगत ज्ञान कुमार वाडेको ६ महिने पुण्य तिथीमा उहाँको गुणस्मरण गरी बुद्ध पूजाको आयोजना गरिएको समाचार छ । यसरी नै दिवंगत ज्ञान कुमारको जहान परिवारले उहाँको पुण्य स्मृतिमा प्रकाशित बौद्ध ग्रन्थ "त्रिरत्न वन्दना परित्राण र बौद्ध संस्कार पद्धती" नामका पुस्तक धर्मोदय सभाका केन्द्रिय अध्यक्ष अग्ग महा सद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरको कर कमलबाट विमोचन गरी लोकार्पण भएको थियो । प्रमुख अतिथी भिक्षु अश्वघोष बाट पञ्चशील प्रार्थना गराउनु भई शुरु गरिएको उक्त समारोहमा दिवंगत वाडेको पुण्य स्मृतिमा १ मिनेट मौन धारण गरिएको थियो ।



**पुस्तक विमोचन गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविर**

सोही समारोहमा धर्मोदय सभाको अध्यक्ष पदमा हालै बहाली हुनुभएको खुशियालीमा प्रमुख अतिथी श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई सश्रद्धा पुष्पार्पण गरी उहाँको कार्यकालमा अनुपम नमूनाका कार्यहरू सम्पन्न होस् भनी शुभेच्छाका साथ बधाई ज्ञापन पनि गरियो । पुस्तक विमोचन गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले बुद्ध शिक्षा अनुसार मानिसहरू इमान्दारी र विश्वास पात्र हुनुपर्ने कुरा उल्लेख गर्नुभयो । प्रस्तुत पुस्तक विहारका सचिव कृष्ण कुमार प्रजापतिले सम्पादन गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष बखत बहादुर चित्रकार र केन्द्रिय सल्लाहकार लोकबहादुर शाक्य, विष्णु रत्न शाक्य, बौद्ध संघ भक्तपुरका उपाध्यक्ष संघ रत्न शाक्य आदिले आचरण सुधार्ने विषयमा बोल्नु भएका थिए । सचिव कृष्ण कुमार प्रजापतिले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा कोषाध्यक्ष रामभक्तले धन्यवाद ज्ञापन गर्नुभएको थियो । समूहका अध्यक्ष न्हुच्छेकुमार सिंकेमनको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रम रामकृष्ण दुवालले संचालन गर्नुभएको थियो । विमोचन समारोहमा उपस्थित सबैलाई एक एक प्रति विमोचित पुस्तक वितरण गरिएको थियो ।

## 'बुद्ध देवता होइनन्' पुस्तक लोकार्पण

पोखरा, २९ भाद्र ।

आफ्ना स्व. पिता सिद्धिरत्न शाक्यको २९ औं पुण्य तिथि तथा आमा सेतुली शाक्यको ८४ औं शुभ जन्मोत्सवको पावन स्मृतिमा प्रकाशित एवं पोखराका सुप्रतिष्ठित साहित्यकार विश्व शाक्यद्वारा लिखित "बुद्ध देवता होइनन्' पुस्तकको विशेष समारोह बीच श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरले लोकार्पण गर्नु भयो । उक्त कार्यक्रममा ८४ वर्षिय श्रीमती सेतुली शाक्यलाई मैत्री संघकोतर्फबाट श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

पुस्तक लोकार्पण गर्दै भिक्षु अश्वघोष महास्थविरले शुभ-जन्मोत्सव तथा श्राद्ध जस्तोमा अनावश्यक देखावा गरी भोज भतेरमा पैसा खर्च नगरी आमा बुबाको चीर स्मृति र पुण्य कामना गरी यसरी धर्म पुस्तकहरू प्रकाशन गर्नु वास्तवमै बौद्ध परम्परा रहेको बताउनु हुँदै यस्ता सत्य र व्यवहारिक काम गर्नेलाई समाजले नरुचाउने वताउनु भयो । यसैगरी 'बुद्ध देवता होइनन्' पुस्तक माथि समीक्षार्थ विवेचना गर्दै वरिष्ट पत्रकार तथा मानव अधिकारवादी भूपनिधि पन्तले पुस्तकको नाम र पुस्तकमा अभिव्यक्त धारणाहरू वर्तमान सामाजिक परि प्रेक्षमा क्रान्तिकारी लागे पनि वास्तवमा बुद्धशिक्षा अनुकूल रहेको बताउनु भयो जीवन दु:खमय छ, अनित्य छ, अनात्म छ, बुद्धको यही जीवन दर्शनको आधारमा र त्यसैको वरपर रहेर गरिएको अध्ययन, अनुसन्धान र साधनाले जे सिकायो समाजमा देखापरेका तिनैका वेमेल परिवेशहरूनै पुस्तकमा सङ्ग्रहित मूल विषयवस्तु रहेको तथ्य स्रष्टा विश्व शाक्यले स्पष्ट पार्नुभयो ।

८४ वर्षिया श्रमिती सेतुली शाक्यले दीप प्रज्वलन गरी मैत्री शिक्षा समूहका बाल बालिकाहरूबाट शील प्रार्थना तथा बुद्धपूजा पछि शुभारम्भ गरेको पुस्तक लोकार्पण कार्यक्रममा बौद्ध उपासक तिलकमान गुभाजु लोक कवि आलमियाँ र शिक्षा विद जर्ज जोनले आ-आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मैत्रीसंघका अध्यक्ष गोविन्द ताम्राकारको अध्यक्षतामा संचालित पुस्तक लोकार्पण कार्यक्रममा संघका उपाध्यक्ष विक्रम उदासले स्वागत गर्नु भएको थियो । कार्यक्रम संञ्चालन सचिव भुवन ताम्राकारले गर्नु भएको थियो ।

## सद्धर्म सभाको निर्वाचन तथा पदस्थापन

२०५९ श्रावण १८

धर्मसंघ बुद्ध विहार

सद्धर्म सभा धर्मसंघ बुद्ध विहारको निर्वाचन तथा पदस्थापन कार्यक्रम अनुसार ०५९।०६० र ०६०।०६१ का लागि कुलामान बुद्धाचार्यको अध्यक्षतमा ११ सदस्यिय नयाँ कार्य समितिको गठन यसरी रहेको समाचार प्राप्त भएको छ ।

उपाध्यक्ष तेजमान बुद्धाचार्य
सचिव श्याम शाक्य
कोषाध्यक्ष पुष्करमान बुद्धाचार्य
सहसचिव चित्रमान शाक्य

सदस्यहरू तेजेन्द्र शाक्य, शेरमान बुद्धाचार्य, कृष्ण रत्न शाक्य, भरत राज शाक्य, दुर्गामान बुद्धाचार्य र विरेन्द्र शाक्य

विशिष्ट सल्लाहकारहरू
वेदमान गुभाजु र चन्द्रमान बुद्धाचार्य

सल्लाहकार- बुद्धिमान बज्राचार्य, गर्भकुमार बज्राचार्य, चेतराज शाक्य, मोतिमान शाक्य, शुभलाल वज्राचार्य र गोपालमान बुद्धाचार्य आदि ।

## धर्म संघ बुद्ध विहारको ४६ औं वार्षिक उत्सव

२०५९ श्रावण १८, शाक्य समाज भवन नदीपुर ।

धर्मसंघ बुद्ध विहारले ४६ औं वर्ष प्रवेश गरेको र सद्धर्म सभाले ११ औं वर्ष प्रवेश गरेको उपलक्षमा साधारण सभा र विशेष सम्मान कार्यक्रम सम्पन्न गरेको समाचार छ । वेदमान गुभाजुको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा मोतीमान शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने चित्रमान शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भिक्षु श्रद्धानन्दले पंचशील प्रार्थना गराउनु भएको उक्त सभाको उद्घाटन वेदमान गुभाजुले दीप प्रज्वलन गरी गर्नुभएको थियो । यसरी नै कुलामान बुद्धाचार्यले प्रगति प्रतिवेदन र श्याम शाक्यले आयव्यय हिसाव पस्तुत गर्नुभएको थियो ।

उक्त अवसरमा शाक्य समाजका जेष्ठ नागरिक ८० वर्षिय श्रीमती सेतुली बज्राचार्यलाई सद्धर्म सभाका पूर्व अध्यक्ष चन्द्रमान बज्राचार्यले दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने ०५७।०५८ र ०५८।०५९ को एस.एल.सी. परीक्षामा प्रथम श्रेणीमा उत्कृष्ट अंक हासिल गरेका छात्रछात्राहरूलाई सद्धर्म सभा धर्मसंघ बुद्ध विहारका अध्यक्ष वेदमान गुभाजूले बुद्ध मूर्ती, पुस्तक र प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो ।

## बौद्ध प्रशिक्षण कक्षा

२०५९ आश्विन १२, शनीवार ।
सुलक्षण कीर्ति विहार, चोभार ।

यसदिन सुलक्षण कीर्ति विहार चोभारले एक दिने बौद्ध प्रशिक्षण कक्षा संचालन गरिएको समाचार छ । बर्माबाट आउनु भएका दो गुणवती गुरुमांले उद्घाटन् गर्नुभएको उक्त प्रशिक्षण कक्षामा काठमाडौं जिल्लाका विभिन्न स्थानहरूबाट आउनुभएका नेवार, गुरुङ्ग, केसी, मगर आदि गरी विभिन्न जातीका जम्मा १५० जना प्रशिक्षार्थीहरूले भाग लिनु भएका थिए ।

यस प्रशिक्षण कक्षामा प्रशिक्षक भई सेवा पुऱ्याउनु भएका प्रशिक्षक र प्रशिक्षणका लागि राखिएका विषयहरू यसरी रहेका छन-

| प्रशिक्षकहरू | प्रशिक्षण विषय |
|---|---|
| १. हर्षमुनि शाक्य | नेपालको बुद्धधर्म |
| २. देवकाजी शाक्य | आर्य अष्टाङ्गिक मार्ग |
| ३. लक्ष्मण शाक्य | बुद्ध, धर्म र संघ |
| ४. भिक्षुणी अनोजा | गृही विनय |

प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई लक्ष्मी नानी पुचः न्यतको तर्फबाट भोजन र जलपानको व्यवस्था गरिएको थियो ।

## भोजपुर टक्सार बौद्ध शाक्य समाजको गतिविधि

२०५९ श्रावण ८

**१. कार्य समिति पुनर्गठन**

श्री ज्ञान वहादुर शाक्यको अध्यक्षतामा सम्पन्न साधारण सभाबाट पुनगर्ठित कार्य समितिमा निर्विरोध निर्वाचित व्यक्तित्त्वहरू यसरी रहेको कुरा उल्लेखित छन् । अध्यक्ष- श्री बुद्ध दास शाक्य, उपाध्यक्ष- भीम शाक्य, सचिव- दानमान शाक्य, सह सचिव- प्रदीप शाक्य, कोषाध्यक्ष- मोहन राज शाक्य- सदस्यहरू- श्री ललित चन्द्र शाक्य, हर्कराज शाक्य, तेजराज शाक्य र लक्ष्मी ज्योती शाक्य । सल्लाहकार - हर्ष रत्न शाक्य, खड्ग रत्न शाक्य, हीरालाल शाक्य, दान बहादुर शाक्य तथा हर्षज्योति शाक्य आदि ।

**२. प्रथम नियमित बैठक**

२०५९ भाद्र ८

श्री बुद्ध दाश शाक्यको अध्यक्षतामा पंचशील प्रार्थना गरी शुरु गरिएको उक्त बैठकले समाजद्वारा गरिने विविध कार्यक्रमको तीब्र प्रचार प्रसार गर्ने उद्देश्य परिपूर्तिको लागि त्रि सदस्यिय एक उपसमिती गठन गरि एको कुरा उल्लेख गरिएको छ ।

**प्रचार प्रसार उपसमिति**

१. प्रदीप कुमार शाक्य- संयोजक
२. कृष्ण मान शाक्य- सदस्य
३. केशव शाक्य- सदस्य

**दशौं वक्तृत्त्वकला पर्व-२०५९**
नागबहाल ललितपुर, २०५९ भाद्र १ गते ।

दीपंकर परियत्ति शिक्षालयको आयोजनामा बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा दशौं वक्तृत्त्वकला पर्व सम्पन्न भएको समाचार छ । भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा सुजाता गुरुमांले स्वागत भाषण गर्नुभएको थियो भने अमिता धाख्वाले वक्तृत्त्वकला पर्वको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

१३ वटा विभिन्न संघसंस्था, परियत्ति केन्द्र र विहारका १८ जना प्रतिनिधिहरूले बुद्ध धर्मका पूर्व निर्धारित समसामयिक विषयमा आ-आफ्नो वक्तृत्त्वकला प्रस्तुत गरिएको उक्त पर्वमा अग्गञाणी गुरुमां, डा. बज्रराज र दोलेन्द्र शाक्य समिक्षकको रूपमा रहनु भएको थियो । सहभागी वक्ताहरू सबैलाई प्रमुख अतिथी वज्राचार्यले "लुमन्ति" चिन्ह भएको शील्ड र पुरस्कार एवं प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सुश्री सति धाख्वाबाट संचालन गरिएको उक्त सभामा सहकोषाध्यक्ष श्री बोधि पौषाले आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो भने उपाध्यक्ष श्री हेराकाजी शाक्यले धन्यवाद ज्ञापन गरिएको थियो ।

## धर्मकीर्ति बौद्ध मासिक

वर्ष १९ अंक १ देखी १२ सम्म (२०५८) को

### आय व्यय विवरण

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १. | कागज खरिद | १,०४,४६०।- | १. | ग्राहक शुल्क | ७७,०९१।- |
| २. | छपाई खर्च | १,०१,१२२।- | २. | विज्ञापन | २८,८७८।- |
| ३. | मसलन्द खर्च | २,१७६।- | ३. | ब्याज प्राप्त | ३४,७१०।६८ |
| ४. | हुलाक खर्च | १२,९२४।- | ४. | दान वा चन्दा | १०४५।- |
| ५. | ढुवानी | ५१०।- | | | |
| ६. | फुटकर खरिद | १३२।- | ५. | सोध भर्ना गर्नु पर्ने घाटा रकम | २९,६६१।३२ |
| ७. | कार्यालय खर्च | ४,३१०।- | | | |
| ८. | बै.क कमिशन | १०।- | | | |
| ९. | विशेष सदस्य प्र.प.को फ्रेम | ४८०।- | | | |
| | | १,९८,७५५।- | | | १,९८,७५५।- |

### पत्रिका कोषको विवरण

| | |
|---|---|
| २०५७ साल मसान्त सम्मको कोषमा | जम्मा रु. ५,५०,७२४।७८ |
| २०५८ साल वैशाख देखी चैत्र मसान्त सम्मको विशेष सदस्यको प्राप्त | रकम रु. १९,०९५।- |
| | जम्मा रु. ५,६९,८१९।७८ |
| यस वर्षको शोध भर्ना गर्नु पर्ने घाटा | रकम रु. २९,६६१।३२ |
| २०५८ साल मसान्त सम्मको कोषमा जम्मा | रकम रु. ५४०,१५८।४६ |

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

मेत्ता सेन्टर बनेपा ध्यानकुटी बाल आश्रमका वालिकाहरूका लागि सहयोग दिनुहुने दाताहरू

**नाम र चन्दा रकम**

१. श्री लक्ष्मी कृष्ण श्रेष्ठ, थीमी चोडे टोल - रु १०००।-

२. श्री तीर्थदेव मानन्धर, बौद्ध वृद्धाश्रम बनेपा-रु २००।-

३. श्री मदन रत्न तुलाधर, काठमाडौंबाट प्रत्येक बालिकालाई टी-शर्ट एक एक थान

४. बुद्ध बिहार "सुखी होतु' परिवारबाट- भोजन दान र रु १५००।-

५. भिक्षु धर्मसागर र भिक्षु मेधंकरको तर्फबाट-२ बाकस विस्कुट

६. स्व. पूर्ण चन्द्र शाक्यको पुण्यस्मृतिमा जुजुकाजी वाचशप बनेपा बाट ध्यानकुटी बाल आश्रमलाई एक वर्षको लागि तरकारी दाल, नून, तेल-प्रदान गर्ने भएको छ।

७. Albertus s. Netherlands रु. ११,०००००।-

८. युवाबौद्ध समूहद्वारा भोजन दान।

## बधाई तथा स्वागत कार्यक्रम


२०५९ आश्विन १२, युवक बौद्ध मण्डल, भवन लोककीर्ति महाविहार, इटीटोल, ललितपुर।

धर्मोदय सभाको नवनिर्वाचित कार्यकारिणी पदाधिकारी एवं सदस्यहरूको सम्मानार्थ युवक बौद्ध मण्डल नेपालले एक समारोह विच "बधाई तथा स्वागत कार्यक्रम" को आयोजना गरिएको समाचार छ।

## राजकीय बुद्ध विहार लुम्बिनीमा आयोजित कार्यक्रमहरू

२०५९ भाद्र २९

लुम्बिनी धर्मोदय उप समिती राजकीय बुद्ध विहार अन्तरगतका बौद्ध महिलाहरूद्वारा विहारमा वर्षावास बस्नु भएका पूज्य भिक्षुहरू लगायत गुरुमांहरूलाई भोजन दान गरिएको थियो। स्मरणिय छ, वर्षावास अवधिभर नै उपासक उपासिकाहरूबाट भिक्षु गुरुमांहरूलाई भोजनको व्यवस्था मिलाइएको कुरा थाहा हुन आएको छ।



**लुम्बिनीमा वर्षावास बस्नुभएका भिक्षुहरुलाई लुम्बिनी धर्मोदय कमिटिबाट भोजन दान**

२०५९ आश्विन ७

लुम्बिनी धर्मोदय उपसमिति, राजकिय बुद्ध बिहार लुम्बिनीमा बसेको कार्य समितिको बैठकद्वारा भिक्षु सुदर्शन महास्थविरको असामयिक निधन भएकोले उहाँको गुण स्मरण गर्दै एक मिनेट मौन धारण गरी श्रद्धाञ्जली व्यक्त गरिएको थियो।

## गुँला धर्म

सिद्धि मंगल बुद्ध विहार, २०५९ भाद्र २८

गुँला लच्छि यंकं सिद्धि मंगल बुद्ध बिहारे धर्म देशना ज्या भो संचालन जूगु समाचार दु। लच्छि यंकं जूगु धर्म देशना ज्याइवले धर्मदेशना याना विज्यापिं भन्ते गुरुमांपिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु।

भन्तेपिं - भिक्षु धर्मपाल, भिक्षु वर सम्वोधि, भिक्षु आनन्द, भिक्षु तपस्सी, भिक्षु निग्रोध, भिक्षु सुमेध, भिक्षु भद्दिय, भिक्षु कोण्डञ्ञ, भिक्षु प्रज्ञाकीर्ति, भिक्षु धर्ममूर्ति, भिक्षु विमलाकीर्ति, भिक्षु संघरक्षित, श्रामणेर जुतीमा, आदि।

गुरुमांपिं- करुणावती गुरुमां, सुजाता गुरुमां, वीर्यपारमी गुरुमां, डा. अनोजा गुरुमां, कुसुम गुरुमां, चमेली गुरुमां, अनुपमा गुरुमा, विना गुरुमां, उपेक्षा गुरुमां, ञाणशीला गुरुमां, सत्यशीला गुरुमां, सिलाचि गुरुमां, निक्खमी गुरुमां, विजिता गुरुमां, शीलवती गुरुमां, विनवती गुरुमां, प्रज्ञा गौतमी गुरुमां, सुचिता गुरुमां, आदि।

सुवर्ण छत्रपुर विहार लुभ

सुवर्ण छत्रपुर विहारय् गुंला लच्छि यंक संचालन जूगु धर्म देशना ज्याझ्वले धर्मदिशना याना बिज्या:पिं भन्ते गूरुमां व उपासकपिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु ।

**भन्तेपिं-**

भिक्षु अश्वघोष, भिक्षु सोभित, भिक्षु शोभन, भिक्षु भद्दिय, भिक्षु कौण्डञ्ञ, श्रामणेर उत्तम, श्रामणेर जनक, भिक्षु संघरक्षित, भिक्षु निग्रोध, श्रामणेर जुत्तिमा, भिक्षु सुमेध, श्रामणेर सुजात, भिक्षु धर्ममूर्ति, श्रामणेर अमतो, श्रामणेर पदम आदि ।

**गुरुमांपि-**

सुजाता गुरुमां,

उपासकपिं-विष्णु रत्न शाक्य, शान्तमान शाक्य, बाबुराम महर्जन, पूर्णमान महर्जन, राम गोपाल सिंह आदि ।

## श्रीघः ज्ञानमाला भजन खल:या रजत जयन्ती

२०५९ आश्विन १२

धर्मकीर्ति विहार, श्रीघ:, न:घ: ।

श्रीघ: ज्ञानमाला भजन खल: नीन्यादं पूवंगु लसताय् "लुमन्ति पौ" व मे चा: पिथने ज्याझ्व: क्वचा:गु समाचार दु । श्रीघ: ज्ञानमाला भजन खल:या ग्वसालय् न्ह्या:गु थुगु ज्याझ्व: धम्मवती गुरुमांया मू पाहाँलय् न्ह्या:गु ख: अथेहे प्रेमबहादुर शाक्यया सभापतित्वे न्ह्या:गु थुगु ज्याझ्वले लुमन्ती पौ पत्रिका धम्मवती गुरुमांनं विमोचन यानाविज्या:गु ख:सा ज्ञान ज्योती कंसाकारं मे चा: विमोचन यानादीगु समाचार दु ।

## बौद्ध परियत्ति शिक्षा उलेगु ज्याझ्व:

सुवर्ण छत्रपुर विहार, २०५९ भाद्र ३०

गुँला धर्म देशना क्वचा:गु व बौद्ध परियत्ति शिक्षा उलेगु ज्याझ्व सम्पन्न जूगु समाचार दु । निवर्तमान मेयर भाजु बुद्धिराज बज्राचार्यजुं बौद्ध परियत्ति उलेज्या सम्पन्न याना विज्या:गु थुगु ज्याझ्वले गुरुमां-व उपासक उपासिकापिन्त जलपान याकूगु ख: ।

भिक्षु वर सम्बोधिं शील प्रार्थना याका बिज्या:गु थुगु ज्याझ्वले सुजाता गुरुमां नं धर्म देशना याना बिज्या:गु ख: । विहारया दां भरी भाजु सन्तराम महर्जनं आ.व. ०५८।०५९ या आयव्यय प्रस्तुत यानादिलसा सचिव भाजु राम गोपाल सिंहं विहारया बार्षिक प्रतिवेदन प्रस्तुत यानादीगु थुगु ज्याझ्वले विहारया गुरु योजना व गतिविधीया वारे नं चर्चा जूगु ख: । स्मरणीय जू विहार या गुरु योजना कथं रु ३,८००,०००।- या योजनाय् आ.व. ०५८।०५९ सालं रु. ३,००,०००।- या भवन निर्माण ज्याझ्व क्वचाय् धुंकुलसा, रु ३५,००,०००।- या निर्माण ज्या या बाकी हे दनिगु खँ सीदत ।

प्रतिवेदनं लिपा मू पाहाँ भाजु बुद्धिराज बज्राचार्यजुं बिहारया गुरु योजना कथं उकी मा:गु गुहाली बीगु वचन नं बियादिलसा वयूकलं न्हापा नं ५० बोरा सिमेन्ट गुहालीया रुपय् वियादीगु खँ सीदत ।

**हना ज्याझ्व:**

यशोधर महाविहार, असहाय सेवा समिति ।

मिति : जुग: च:न्हे ।

थाइलैण्डया राजदूत पाउपेद वान चिन्दाया प्रमुख अतिथित्वय् यशोधरु महाविहार असहाय सेवा समिति बुबहा: पाखें दैंय् दसं न्ह्याका वयाच्वंगु जुग: च:न्हेया हनेगु ज्याझ्व: मध्ये थ्व दँय् निसें (११२२) बौद्ध परियत्ति शिक्षायात नं एस.एल.सी परीक्षा स्तरया शिक्षायात थें तुं सामाजिक मान्यता कथं हनेगु ज्या या:गु ख: । हेराकाजी सुइकाया विशेष कुतलं न्हयज्याकूगु थुगु ज्याझ्वले थुगु समितिं परियत्ति शिक्षाया महत्त्वयात कदर यासे रचना शाक्ययात सुवर्ण पदकं हनेगु ज्याझ्व: जूगु ख: । धम्मवती गुरुमां नं उगु पदक क्वखायका बिज्या:गु ख: । स्मरणिय जू रचना शाक्य दिपंकर परियत्ति शिक्षाया छैठौं कक्षाय वोर्ड प्रथम हयूत सफल विद्यार्थी ख: ।

## भिक्षु सुदर्शन महास्थविरया गुणानुस्मरण

७ ञलाथ्व ११२२, कीर्तिपुर ।

दीपङ्कर ज्ञानमाला भजन खल: ख्वप पाखें श्री कीर्ति विहारय् दिवंगत पूज्य भिक्षु सुदर्शन महास्थविरया पुण्य स्मृतीस बुद्ध पूजा, अष्टपरिष्कार दान, भोजन दान या:गु समाचार दु । भिक्षु कीर्ति ज्योतिं शील प्रार्थना याका बिज्या:गु उगु ज्याझ्वले

उपासक रामकृष्ण बैद्य व रत्न सुन्दर शाक्यपिसं सुदर्शन भन्तेया लुमन्ती थथःगु नुगः खँ प्वंकादिल।

८ ञलाथ्व ११२२, ख्वप।

ख्वपया मुनि विहार "मुनि विहार उपोसथगार भवन निर्माण समिति" या धर्मानुशासक जुया विज्या:म्ह दिवंगत भिक्षु सुदर्शन महास्थविरया पुण्य स्मृतिस वसपोलया गुणानुस्मरण ज्याझ्वः क्वचाःगु समाचार दु। उपोसथागार भवन निर्माण समिति पाखें भिक्षुसंघयात अष्टपरिष्कार व भोजन दान प्रदान जूगु खः।

## धर्मोदय सभाया न्हूपिं सदस्यपिन्त हनेज्या

मितिः २०५९ आश्विन

थाय्ः युवा बौद्ध समूह, लुठी ढल्को।

युवा बौद्ध समूहया ग्वसालय धर्मोदय सभाया न्हुगु कार्य समितिया नव निर्वाचित सदस्यपिनि हनाय् छगू लसकुस जयाझ्व क्वचाःगु समाचार दु। बुद्ध धर्म प्रचार प्रसारया लागि धर्मोदय सभाया ज्याखँय न्ह्याबलें सहयोग यायत तयार दुगु प्रतिबद्धता प्वंकूगु उगु लसकुस ज्याझ्वले युवा बौद्ध समूहया अध्यक्ष शान्त रत्न शाक्य, हर्षमुनी शाक्य, नव निर्वाचित धर्मोदय सदस्यपिं नानीमैंया मानन्धर, त्रिरत्न तुलाधर, रत्नमान शाक्य व डबलकाजी (जुजुभाई) तुलाधरपिनि पाखें थथःगु मन्तब्य बीगु ज्या जूगु सीदु।

## सिरपा लःल्हाय समारोह

थाय् : संघाराम, लुटी ढल्को

मितिः २०५९।६।१२

त्रिपिटकचार्य श्रेद्धेय भिक्षु कुमार काश्यप महास्थविर या प्रमुख आतिथ्य संघाराम विहार व स्वयम्भू धर्मपासा पुचःया मंकाः ग्वासालय् संघारामया परियत्ति शिक्षा ब्वमिपिन्त सिरपा लःल्हाय् ज्याझ्वः क्वचाःगु समाचर दु।

संघाराम बौद्ध परियत्ति शिक्षा केन्द्रया केन्द्राध्यक्ष भिक्षु संघरक्षित संघाराम पाखें संचालित उगु ज्याझ्वले जुजुभाई तुलाधरपाखें लसुकुस न्वचू बियादिलसा भिक्षु कुमार काश्यप भिक्षु सद्धातिस्स, प्रा. सुवर्ण शाक्य, प्रकाश तुलाधर व रोजिता बुद्धाचार्य आदिपिसं थःथगु नुगःखँ प्वंकादीगु खः। भिक्षु संघरक्षितं सुभाय् देछाःगु थुगु ज्याझ्वलय्ः स्वयम्भु धर्मपासा पुचलं जलपान वा सिरपाः लःलहाय्गुली गुहाली व्यूगु खँ उल्लेख जुयाच्वंगु दु।

लुमंके वहःजू थूगु केन्द्रं वोर्ड प्रथम सहित प्रथम श्रेणी उतीर्ण जूपिं २३ म्ह व द्वितीय व तृतीय श्रेणी उतीर्ण जूपिं ब्वमिपिं १९ म्ह दुगु खः।

## विचाः मुंज्या

दिंः २०५९ आश्विन १३

थायेः प्रदिप पुस्तकालय।

युवा बौद्ध समूहया नीस्वना इलं निसें थीथी पदय् च्वनाः बुद्धधर्म प्रचारया ज्याय न्ह्यज्याना वयाच्वनादीम्ह रत्नजीव कसाः मत्यवं मदुगुलिं वय्कःया पुण्यस्मृतिस छगु विचाः मुंज्या ज्याझ्वः क्वचागु समाचार दु। युवा बौद्ध समूहया अध्यक्ष शान्तरत्न शाक्यया सभापतित्वय् सम्पन्न जूगु थुगु ज्याझ्वःले रत्नजीव कसाःया पाखें बुद्ध धर्म प्रचारया ज्याय् जूगु देन वारे थःथःगु नुगःखँ प्वंकादीपिं महानुभावपिं थुकथं उल्लेख जुयाच्वंगु दु।

मणिजीव कंसाकार, हर्षमुनि शाक्य, सुशीलवीर सिंह कसाः, चिनीकाजी ताम्राकार, जनकसिं मानन्धर, त्रिरत्न तुलाधर, राजा व. आ. आदि। अथेहे भिक्षु सुशील पाखें मरणानुस्मृति सूत्र पाठ याना विज्याःगु थुगु ज्याझ्वले मदन बहादुर तुलाधरं सुभाय् देछानादीगु खः।

## हना ज्याझ्वः

मिति : २०५९ आश्विन १९ गते शनिवार

थाय् : धर्मकीर्ति विहार, श्रीघः, नःघः।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धमकीर्ति बिहारया ग्वसालय् धर्मोदय सभाया कार्य समितिया न्हूपिं निर्वाचित पदाधिकारीपिं व सदस्यपिन्त हनेगु ज्याझ्वः क्वचाय्कूगु दु।

वीर्यवती गुरुमांया सभापतित्वे क्वचाःगु थुगु ज्याझ्वले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सचिव इन्द्रकुमार नकर्मी लसकुस न्वचु बियादीगु खःसा धमकीर्ति विहार संरक्षण कोषया सचिव भाजु अगम्य रत्न कंसाकारं सम्मान न्वचु बियादीगु खः। अथेहे धर्मोदय सभाया अध्यक्ष भिक्षु अश्वघोष महास्थविर व उपाध्यक्षपिं भिक्षुणी धम्मवती व डा. त्रिरत्न मान तुलाधरं थःथःगु न्वचु बियादीगु थुगु ज्याझ्वले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः भाजु श्यामलाल चित्रकारं सुभाय देछानादीगु खः। न्हूपिं पदाधिकारीपिन्त खादा क्वखायकाः व स्वाँ देछाना हनेगु याःगु थुगु ज्याझ्वले वीर्यवती गुरुमांनं थःगु न्वचु बिसे सभा क्वचाय्का बिज्याःगु खः। थुगु ज्याझ्वः अध्ययन गोष्ठीया सदस्य मय्जु तारा डंगोलं न्ह्याकादीगु खः।

# कारण पत्ता लगाउनु पऱ्यो

आजभोली देशमा मात्र होइन धेरैजसो घर परिवार हरूमा समेत अशान्तिको चर्चा सुनिन्छ। शान्ति स्थापनार्थ समय समयमा गोष्ठीहरू भइरहन्छन् र समस्या बारे छलफल र चर्चाहरू पनि भइरहन्छ। तर चर्चामा मात्र सीमित रही समाधान तर्फ भने ध्यान पुऱ्याउन सकिरहेको देखिंदैन। यसको प्रमुख कारण समस्याको प्रमुख कारण र समस्या समाधानको उचित उपायलाई पत्ता लगाउन नसक्नु देखिन्छ। यसको लागि गौतम बुद्धले प्रतिपादन गर्नुभएको चतु आर्यसत्यहरू

१. दुःख छ २. दुःखको कारण छ ३. दुःख अन्त्य गर्न सकिन्छ र ४. दुःख अन्त्य गर्ने बाटो छ आदिलाई मनन गर्नु उपयुक्त हुने देखिन्छ।

बुद्धले राजदरवार त्याग्नुको प्रमुख कारण सांसारिक दुःखबाट मुक्त भई यस दुःखलाई अन्त्य गर्ने बाटो पत्ता लगाउनको लागि हो। सुखमय भौतिक जीवन विताउने आशाले उहाँले गृहत्याग गरेको अवश्य पनि होइन। किनभने राजदरवारमा उहाँलाई कुनै प्रकारको पनि भौतिक सुखको कमी थिएन। यस विषयमा हामीले गहन अध्ययन गर्न आवश्यक छ। बुद्धले प्रतिपादन गर्नुभएको चतुआर्य सत्य अनुसार हामीले आफ्नो अवस्थालाई यसरी अध्ययन गर्न सक्छौं-

- विश्वमा दुःख व्यापकरूपमा फैलिएको छ।
- यसको कारणछः
- यसको प्रमुख कारण जति धन जम्मा गरेपनि नपुग्ने असन्तोषी मन अर्थात् तृष्णाले जकडिएको मन हो।

फल स्वरूप संसारमा भ्रष्टाचार अन्याय, र अत्याचारको जगजगी फैलिरहेका छन्। देश विकासका लागि प्राप्त भएका अरबौं अनुदानको ५० % पनि सदुपयोग हुन नसक्नु, गरिवी निवारण कार्यमा प्रयोग हुन नसक्नु आदिको प्रमुख कारण नै भ्रष्टाचार हो। यसरी जति जम्मा गरेपनि नपुग्ने तृष्णाले जरो गाडिएको मनको कारणले मानिसलाई दुःख हुने गर्छ भन्ने विषयमा बुद्धले २५०० वर्ष अगाडि नै अन्वेषण गरी पत्ता लगाउनु भएको छ। तर यसलाई हामीले महत्त्व दिन सकिरहेका छैनौं। बुद्धले भन्नुभएको थियो- अति लोभ र तृष्णा सेलाउन नसकेसम्म दुःख र अशान्तिको अन्त्य हुन सक्दैन।

बुद्धले भन्नुभएको अर्को एक सान्दर्भिक कुरा यसरी रहेको छ-

अपराध र अशान्तिको प्रमुख कारण नै गरिवी हो। "बुभुक्खती किं नकरोति पापं" अर्थात् भोकाएको व्यक्तिले के मात्र पाप गर्दैन र ? हामीले आजभोली देखि रहेका छौं आफ्ना आधारभूत आवश्यकताहरू पूर्ति गर्नका लागि कतिपय नारीहरू बाध्यतावश वेश्यावृत्तिमा संलग्न रहेका छन्। ती मध्ये कोही कोही आफ्नो यौन सन्तुष्टीका लागि पनि यस्तो व्यवसायमा संलग्न रहेका पनि हुन सक्छन्। त्यतिमात्र होइन पैसा थुपार्ने तृष्णाले घचेडिएका नारीहरू पनि हुन सक्छन्।

बुद्ध भन्नुहुन्छ- अपराधी कर्महरू हटाउनका लागि दमन नीतिले मात्र स्थाई समस्या हल हुँदैन। पहिला त गरीवि निवारण हुन जरुरी छ। त्यसको लागि रोजगार को राम्रो व्यवस्था हुनुपर्छ। व्यापार गर्न चाहने व्यक्तिलाई लगानीको उचित व्यवस्था, जागिरदारलाई उचित भत्ताको व्यवस्था विरामीको लागि औषधोपचारको सुविधा हुनु पर्दछ। कृषीजन्य व्यवसायको लागि जमीन, औजार र सिंचाई आदिको राम्रो व्यवस्था गरिदिन सके अपराध र अशान्ति कम हुने देखिन्छ। यस्तो व्यवस्था मिलाउन नसकेसम्म जति कोटीहोम गरेपनि शान्ति प्राप्त हुन सक्दैन। यसरी देशमा अशान्ति र समस्या समाधान गर्नको लागि ५०० वर्ष पहिले नै गौतम बुद्धले पत्ता लगाउनु भएको उपायहरू तर्फ ध्यान दिई यसलाई कार्यान्वयन पनि गर्न सके लाभप्रद हुने देखिन्छ।

# धर्मोदय सभा

धर्मोदय सभाको नबनिर्वाचित कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू निम्नानुसार छ ।

| | | | |
|---|---|---|---|
| १) | अध्यक्ष | - | श्रद्धेय भिक्षु अश्वघोष महास्थविर |
| २) | उपाध्यक्ष | - | श्री ओमकार प्रसाद गौचन |
| ३) | उपाध्यक्ष | - | श्री डा. त्रिरत्नमान तुलाधर |
| ४) | उपाध्यक्ष | - | श्री लक्ष्मीदास मानन्धर |
| ५) | उपाध्यक्ष | - | श्री इन्द्रबहादुर गुरूङ् |
| ६) | उपाध्यक्ष | - | भिक्षुणी धम्मवती |
| ७) | महासचिव | - | श्री सुवर्ण शाक्य |
| ८) | सचिव | - | श्री बुद्धरत्न वज्राचार्य |
| ९) | सह-सचिव | - | श्री सुचित्रमान शाक्य |
| १०) | कोषाध्यक्ष | - | श्री पद्म ज्योति |
| ११) | सह-कोषाध्यक्ष | - | श्री सागरमान वज्राचार्य |
| १२) | सदस्य | - | सुश्री नानीमैयाँ मानन्धर |
| १३) | सदस्य | - | श्री त्रिरत्न तुलाधर |
| १४) | सदस्य | - | श्री डबलकाजि तुलाधर |
| १५) | सदस्य | - | श्री बेखारत्न शाक्य |
| १६) | सदस्य | - | श्री द्रव्यमानसिंह तुलाधर |
| १७) | सदस्य | - | श्री रत्नमान शाक्य |
| १८) | सदस्य | - | श्री श्यामकृष्ण मानन्धर |
| १९) | सदस्य | - | श्री प्रकाशमान शाक्य (पूर्वाञ्चल) |
| २०) | सदस्य | - | श्री अक्कलध्वज गुरुङ (मध्यमाञ्चल) |
| २१) | सदस्य | - | श्री विमलबहादुर शाक्य (पश्चिमाञ्चल) |
| २२) | सदस्य | - | श्री वसन्त थापा मगर (मध्यपश्चिमाञ्चल) |
| २३) | सदस्य | - | श्री नरबहादुर गुरुङ (सुदूरपश्चिमाञ्चल) |
| २४) | सदस्य | - | श्री छिरिङ तेन्जिङ लामा (मनोनीत) |
| २५) | सदस्य | - | श्री बमकुमारी बुढा मगर (मनोनीत) |

## २. नवगठित सल्लाहकार समिति-

| | | | |
|---|---|---|---|
| १) | श्री लोकदर्शन वज्राचार्य | - | सभापति (पदेन) |
| २) | गुरु छेचु कुस्यो लामा | - | सदस्य (पदेन) |
| ३) | गुरु ठुंग्राम ग्याल्टुल रिम्पोछे शेर्पा | - | सदस्य (पदेन) |
| ४) | श्रद्धेय ज्ञानपूर्णिक महास्थविर | - | सदस्य |
| ५) | गुरु टेण्डर लामा | - | सदस्य |
| ६) | श्री सत्त्वतारा वज्राचार्य | - | सदस्य |

| | | | |
|---|---|---|---|
| ७) | प्रा. आशाराम शाक्य | - | सदस्य |
| ८) | प्रा. डा. वज्रराज शाक्य | - | सदस्य |
| ९) | श्री भक्तिदास श्रेष्ठ | - | सदस्य |
| १०) | श्री खड्गबहादुर मोक्तान | - | सदस्य (सुनसरी) |
| ११) | श्री इन्द्रराज शाक्य | - | सदस्य (भक्तपुर) |
| १२) | श्री चिनियालाल वज्राचार्य | - | सदस्य (पाल्पा) |
| १३) | श्री बालकृष्ण मानन्धर | - | सदस्य (सुर्खेत) |
| १४) | श्री फोनीराम चौधरी | - | सदस्य (कैलाली) |
| १५) | श्री तीर्थनारायण मानन्धर | - | सदस्य |
| १६) | श्री मार्शल जुलुम शाक्य | - | सदस्य |
| १७) | श्री सर्वज्ञरत्न तुलाधर | - | सदस्य |
| १८) | श्री सानुरत्न स्थापित | - | सदस्य |
| १९) | भिक्षुणी रत्नमञ्जरी | - | सदस्य |
| २०) | श्री सुचित्रमान शाक्य | - | सदस्य-सचिव (पदेन) |

**३. निम्नानुसारका श्रद्धेय गुरुहरू धर्मानुशासक रहनुभएको छ-**

| | | | |
|---|---|---|---|
| १) | संघनायक भिक्षु अनिरुद्ध महास्थविर | - | थेरवाद |
| २) | गुरु छेचु कुस्यो लामा | - | महायान |
| ३) | पं. बद्रीरत्न वज्राचार्य | - | वज्रयान |

## सूचना

म्यान्मार देशका तिपिटकधर धम्मभण्डागारिक अग्गमहापण्डित श्रद्धेय भिक्षु उ. सुमंगलालंका र महास्थविर यही कार्त्तिक ६ गते (Oct 23, 2002) मा विश्व शान्ति विहारको तर्फबाट श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको निमन्त्रणामा नेपालमा आउनु हुने कुरा अवगत गराउन पाउँदा खुसी लागेको छ।

बुद्धवचन संग्रहित सारा तिपिटक अर्थात, सुत्तपिटक, विनयपिटक र अभिधम्म पटक अन्गर्ततका सबै ग्रन्थहरू कण्ठष्ट भएका र तिपिटक पालिको अट्ठकथा, टिका समेतमा दक्षता हासिल गरी 'तिपिटकधर धम्मभण्डागारिक' पदबाट विभूषित हुनु भएका आदरणीय महास्थविरको पहिलोपल्ट नेपाल आगमन हुने हाम्रो लागि अभूतपूर्व मात्र होइन अहोभाग्यको पनि कुरा हो।

म्यानमारका सरकारी स्तरबाट ठूलो सम्मान प्राप्त उहाँ महास्थविरको ससम्मान स्वागत गर्न २०५९ कार्त्तिक ६ गते र वहाँबाट हुने धर्मदेशना श्रवण गर्न कार्त्तिक ८ गते भक्तपुरमा कार्त्तिक ९ गते पाटनको नागवहालमा र कार्तिक १० गते कमलादीको प्रज्ञाभवन (एकेडेमी) मा र साँझ ४ बजे उपस्थितिको लागि सूचित गरिएको छ।

प्रार्थी

..............................................

**विश्व शान्ति विहार दायक समिति**

फोन नं. ४८२९८४

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय* : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५५१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय* : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८